मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

● वर्ष ४ ● अंक ५६ ● २०८२ साल पौष २६ गते शनिबार ● Saturday 10, January 2026 ● सूर्योदय: बिहान ०६:५६ बजे ● सूर्यास्त: साँझ ५:२९ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## सिरहा–२ बाट सिंहको नाम सिफारिस

**मधेशदृष्टि**
**सिरहा ।**
प्रतिनिधिसभा निर्वाचनका लागि राष्ट्रिय मुक्ति पार्टी नेपालका उपाध्यक्ष कौशलकुमार सिंहको नाम सिरहा–२ बाट एकल सिफारिस भएको छ । राष्ट्रिय मुक्ति पार्टी नेपाल, नागरिक उन्मुक्ति पार्टी र जनता समाजवादी पार्टीबीचको सहमतिअनुसार सिंह संयुक्त उम्मेदवारका रूपमा नाम सिफारिस भएको हो ।
पत्रकारिता पृष्ठभूमिबाट राजनीतिमा सक्रिय सिंह लामो समयदेखि मधेस केन्द्रित राजनीतिमा क्रियाशील रहँदै आएका छन् । उनले मधेसका सामाजिक, राजनीतिक तथा पहिचानका मुद्दालाई निरन्तर उठाउँदै आएका छन् । शैक्षिक रूपमा सफ्टवेयर इन्जिनियरिङमा स्नातक तह पूरा गरेका सिंहको राजनीतिक यात्रा पारिवारिक विरासतसँग पनि जोडिएको छ । उनका बुवा योगेन्द्र नारायण सिंहले मधेस आन्दोलनका अग्रणी नेता गजेन्द्र नारायण सिंहसँग लामो समय सहकार्य गरेका थिए ।

# वीरगंजमा आर्थिक संस्कार र समृद्धिबारे बृहत अन्तरक्रिया



**सूर्य शुभचिन्तक**
**वीरगंज ।**
वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले सामाजिक संस्कारको विकासबिना आर्थिक संस्कारको सुधार सम्भव नहुने बताएका छन् । पिङ्क रोज मिडिया तथा आर्थिक संस्कारसँगै लायन्स क्लब काठमाडौँ सगुनको आयोजनामा वीरगंजमा सम्पन्न 'आत्मनिर्भर समृद्ध वीरगंज–एक विराट सम्भावना' विषयक बृहत अन्तरक्रिया कार्यक्रममा मेयर सिंहले मानसिकताको परिवर्तनबिना आर्थिक समृद्धि हासिल गर्न नसकिने स्पष्ट पारे ।
मेयर सिंहले गलत प्रवृत्तिको खुलेर विरोध गर्नुपर्नेमा जोड दिँदै युवा विशेषगरी लहलहैमा लाग्ने प्रवृत्तिबाट सचेत हुनुपर्ने बताए । 'कसैको प्रभाव वा दबाबमा नपरी युवा सकारात्मक र सिर्जनात्मक कार्यमा अग्रसर हुनुपर्छ,' उनले भने ।
वैभव वीरगंज निर्माणका लागि सबै सरोकारवालाले हातेमालो गर्नुपर्ने उल्लेख गर्दै उनले संघीय सरकारले वीरगंजलाई उपेक्षा गरेको आरोप लगाए । देशका अन्य स्थानमा ढुवानी हुँदा वीरगंजबासीले धूलो–धूवा सहनुपरेको तर राज्यबाट अपेक्षित सुविधा नपाएको भन्दै उनले असन्तोष व्यक्त गरे ।
कार्यक्रममा मधेश विश्वविद्यालयका उपकुलपति प्राध्यापक डा. दीपक शाक्यले उद्यमशीलताको विकास अपरिहार्य रहेको बताए ।
अब जागिर खोज्नेभन्दा पनि रोजगारी सिर्जना गर्ने संस्कार विकास गर्नुपर्नेमा उनले जोड दिए ।
आर्थिक संस्कारले नै बजारलाई चलायमान बनाउने भएकाले स्वदेशी उत्पादनलाई प्राथमिकता दिनुपर्ने उनको भनाइ थियो ।
नेपाल उद्योग वाणिज्य महासंघ मधेश प्रदेशका अध्यक्ष अशोक टेमानीले तराई–मधेश द्रुतमार्ग निर्माणपछि वीरगंजको तीव्र विकास हुने विश्वास व्यक्त गरे ।
एकीकृत सुरक्षा जाँच चौकी (आइसीपी), सुक्खा बन्दरगाह (ड्राइपोर्ट) र वीरगंज भन्सार कार्यालय जस्ता संरचना हुँदाहुँदै पनि त्यसको प्रत्यक्ष लाभ वीरगंजले लिन नसकेको उनले बताए ।
वीरगंज उद्योग वाणिज्य संघका अध्यक्ष हरिप्रसाद गौतमले वीरगंजसँग पर्सा र बारा जिल्ला पनि जोडिएको उल्लेख गर्दै सरकार निजी क्षेत्रमैत्री नहुँदा उद्योग–कलकारखाना धरासायी हुँदै गएको बताए । तीनै तहका करको बोझले व्यवसायी पलायन हुनुपर्ने अवस्था सिर्जना भएकामा उनले चिन्ता व्यक्त गरे ।
जिल्ला प्रहरी कार्यालय पर्साका प्रमुख प्रहरी उपरीक्षक सुदीपराज पाठकले वीरगंज आफैँमा आर्थिक संस्कारयुक्त सहर भए पनि पछिल्लो समय अतिवाद बढ्दै गएको टिप्पणी गरे । वीरगंजको पहिचान जोगाउन यहाँका प्रचुर सम्भावनाको उचित व्यवस्थापन र प्रवद्र्धन आवश्यक रहेको उनले बताए ।
पिङ्क रोज मिडियाकी अध्यक्ष अमृता पाण्डेले आर्थिक नगरी वीरगंजको दीगो समृद्धिका लागि आर्थिक संस्कार अपरिहार्य रहेको आत्मबोधका साथ कार्यक्रम आयोजना गरिएको जानकारी दिइन् । संस्थाका प्रबन्ध निर्देशक राजेश महर्जनले पनि आर्थिक चेतना र सहकार्यले मात्र वीरगंजको सम्भावनालाई यथार्थमा रूपान्तरण गर्न सकिने धारणा राखे ।
कार्यक्रममा उद्योगी अशोक वैद्य, नेपाल चिकित्सक संघका केन्द्रीय उपाध्यक्ष डा. निरज कुमार सिंह, रेडियो वीरगंजका कार्यकारी अध्यक्ष ध्रुव साह, अर्थविद् डा. दिपेन्द्र कुमार चौधरी, नेपाल राष्ट्र बैंक वीरगंजका निर्देशक सुशील पौडेल, पर्सा जिल्ला अदालत बार एसोसिएशनका अध्यक्ष रामनारायण कुर्मीलगायतले धारणा राखेका थिए । अन्तरक्रियामा सहभागीले शिक्षा, स्वास्थ्य जस्ता आधारभूत आवश्यकताका क्षेत्रमा बाहिरिने रकम स्वदेशमै खर्चिने वातावरण निर्माण गर्नुपर्नेमा जोड दिएका थिए ।

# मधेशमा विशेष महाधिवेशनको तरंग
# प्रतिनिधि तान्न दौडधुप




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाली कांग्रेसभित्र विशेष महाधिवेशनको विषयलाई लिएर आन्तरिक विवाद चरममा पुगेको छ । कांग्रेसभित्र संस्थापन, शेखर कोइराला पक्ष र गगन–विश्वप्रकाश समूहबीचको शक्ति संघर्षले पार्टी भित्रै आन्तरिक द्वन्द्व बढेको हो ।
महाधिवेशन प्रतिनिधिलाई लिएर दुवै पक्ष आआफ्नो रणनीतिमा सक्रिय देखिएका छन् । संस्थापन र शेखर पक्षले मधेशबाट सहभागी हुने प्रतिनिधिको संख्या घटाउने प्रयास गरिरहेका बेला गगन–विश्वप्रकाश पक्ष भने बहुमत प्रतिनिधिलाई काठमाडौँ लैजाने अभियानमा जुटेको छ ।
मधेशका आठ जिल्लामा प्रतिनिधिको समर्थन आफ्नो पक्षमा पार्न दुवै समूह लागिपरेका छन् । प्रारम्भमा विशेष महाधिवेशनको पक्षमा मधेशबाट ठूलो संख्यामा हस्ताक्षर संकलन भए पनि पछिल्लो समय त्यसमा कमी आएको कांग्रेस स्रोतको दाबी छ ।
संस्थापन पक्षका नेताहरूले फोनमार्फत प्रतिनिधिलाई विशेष महाधिवेशनमा सहभागी नहुन दबाब दिइरहेको र आग्रह नमाने आगामी निर्वाचनमा टिकट नदिने चेतावनीसमेत दिएको आरोप लागेको छ ।
महाधिवेशनको मिति नजिकिँदै जाँदा संस्थापन पक्षले केन्द्रीय नेताहरूलाई मधेशका विभिन्न जिल्लामा खटाएको छ । विमलेन्द्र निधि र आनन्द ढुंगानासहितका नेताहरू प्रतिनिधिसँग प्रत्यक्ष भेटघाट गर्दै विशेष महाधिवेशनमा नजान दबाब दिइरहेका छन् । केन्द्रीय सदस्य जिल्लामा पुगेर फोन, भेटघाट र छलफलमार्फत प्रतिनिधिलाई रोक्ने प्रयासमा लागेको बताइन्छ ।
नेता जीवनाथ चौधरीका अनुसार मधेशका प्रायः सबै केन्द्रीय नेता जिल्लामा सक्रिय छन् । केन्द्रबाट समेत शीर्ष तहका नेताहरूले प्रतिनिधिलाई फोन गरेर महाधिवेशनमा सहभागी नहुन दबाब दिइरहेको उनको भनाइ छ ।
जिल्लागत रूपमा हेर्दा पर्साबाट पूर्वसांसद सुरेन्द्र चौधरी विशेष महाधिवेशनको पक्षमा खुलेका छन् भने बारामा पूर्वमन्त्री फर्मुल्लाह मन्सुर, चन्द्रशेखर यादव र विजयशंकर यादवलगायत नेताहरू सक्रिय देखिएका छन् । रौतहटमा भने मुख्यमन्त्री कृष्णप्रसाद यादवदेखि केन्द्रका शीर्ष नेतासम्मको दबाबका कारण सहभागी प्रतिनिधिको संख्या घट्ने अनुमान गरिएको छ ।
सर्लाहीमा भने गगन–विश्वप्रकाश पक्ष बलियो देखिएको छ । निवर्तमान सभापति सुरेन्द्र सिंह र मधेश

बाँकी पृष्ठ २ मा

# बार्गेनिङ्ग गर्न जसपा नेपालको अलग्गै उम्मेदवारी




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) सँग एकता गर्ने निर्णय गरिसकेको जनता समाजवादी पार्टी (जसपा) नेपालले राष्ट्रियसभा सदस्य निर्वाचनमा छुट्टै उम्मेदवारी दर्ता गरेपछि मधेशको राजनीति तरंगित बनेको छ । नेपाली कांग्रेस–नेकपा एमाले गठबन्धनसँग भएको समझदारीविपरीत जसपा नेपालले उम्मेदवार उठाएपछि गठबन्धनभित्र असन्तुष्टि देखिएको हो ।
जसपा नेपाल र लोसपाबीच पुस १३ गते पार्टी एकीकरण गर्ने राजनीतिक निर्णय भएको थियो । त्यसपछि कांग्रेस–एमाले गठबन्धनसँग भएको छलफलमा मधेश प्रदेशबाट एक सिट जसपा नेपाल–लोसपालाई दिने र यो सिटमा लोसपा अध्यक्ष महन्थ ठाकुरलाई उम्मेदवार बनाउने सहमति जुटेको थियो । लोसपाका पदाधिकारीले समेत ठाकुरलाई राष्ट्रियसभामा उम्मेदवार बनाउने विषयमा दुवै गठबन्धनबीच सहमति भइसकेको दाबी गरेका थिए ।
तर, सहमतिका बाबजुद जसपा नेपालले ठाकुरको उम्मेदवारी बाहेक कांग्रेस–एमाले उम्मेदवार रहेको क्लस्टरमै दलित, महिला र अल्पसंख्यक समूहका लागि छुट्टै उम्मेदवारी दर्ता गराएको छ । जसपा नेपालको यो कदमले दुवै गठबन्धनका साझा उम्मेदवार ठाकुरको जितसमेत प्रभावित हुनसक्ने आकलन गरिएको छ ।
यद्यपि कांग्रेस–एमाले गठबन्धनले भने केन्द्रमा भएको सहमतिअनुसार ठाकुरलाई नै सहयोग गर्ने स्पष्ट संकेत दिएको छ । केन्द्रको निर्णयअनुसार मधेशका चार सिटमध्ये एक सिट जसपा नेपाल–लोसपालाई दिने र त्यसमा ठाकुरलाई उम्मेदवार बनाउने सहमति कायम रहेको गठबन्धन नेताहरूको भनाइ छ ।
ठाकुरको उम्मेदवारी जसपा नेपालको समर्थनमा दर्ता भए पनि अन्य तीन समूहमा छुट्टै उम्मेदवारी दिएपछि गठबन्धनभित्र असन्तुष्टि चुलिएको छ । ती तीन सिटमा कांग्रेस–एमालेले आफ्ना उम्मेदवार खडा गरेका छन् ।
कांग्रेस र एमालेका नेताहरू जसपा नेपालको कदमलाई 'बार्गेनिङ' रणनीतिका रूपमा हेरेका छन् । तर, प्रदेशस्तरीय नेताहरूले केन्द्रको निर्णय नै अन्तिम हुने र सहमतिविपरीतको उम्मेदवारीले नतिजामा ठूलो असर नपर्ने बताएका छन् ।
जसपा नेपालका नेताहरूले भने

बाँकी पृष्ठ २ मा


# सरस्वतीपूजामा अतिरिक्त शुल्क नलिन निर्देशन



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकाले सरस्वती पूजाको अवसरमा विद्यालयले विद्यार्थीबाट चन्दा वा अतिरिक्त शुल्क सङ्कलन गर्ने कार्य तुरुन्त रोक्न निर्देशन दिएको छ । महानगरपालिकाको शैक्षिक प्रशासन महाशाखाका प्रमुख आनन्द लामिछानेद्वारा शुक्रबार जारी सूचनामा सरस्वती पूजाका नाममा चन्दा उठाई सांस्कृतिक कार्यक्रम तथा अन्य गतिविधि सञ्चालन गरिने गरेको पाइएकाले यस्तो कार्य तत्काल बन्द गर्न आग्रह गरिएको छ । सूचनामार्फत महानगरभित्रका सबै सामुदायिक तथा निजी विद्यालयलाई पूजासम्बन्धी कार्यक्रम मर्यादित, व्यवस्थित र शैक्षिक उद्देश्यअनुरूप मात्र सञ्चालन गर्न निर्देशन दिइएको छ ।
साथै शिक्षा ऐन तथा नियमावलीले तोकेका बाहेक कुनै पनि बहानामा शुल्क वा चन्दा उठाउन नपाइने स्पष्ट गरिएको छ । यदि पहिले नै चन्दा उठाइसकेको भए तत्काल अभिभावक र विद्यार्थीलाई फिर्ता गर्नसमेत निर्देशन दिइएको छ । महानगरपालिकाका अनुसार यस निर्णयले अभिभावक तथा विद्यार्थीलाई अनावश्यक आर्थिक बोझबाट जोगाउने र विद्यालयको शैक्षिक वातावरणलाई अनुशासित र पारदर्शी बनाउने उद्देश्य राखेको छ ।
सरस्वती पूजाको तयारीसँगै जारी गरिएको यो निर्देशन विद्यालय प्रशासनलाई जिम्मेवार र नियमअनुसार सञ्चालन गर्न महानगरपालिकाको निरन्तर प्रयासको रूपमा लिइएको छ ।

# ५० शय्याको अस्पताल भवन निर्माणमा ढिलाइ

**नरेन्द्रसिंह कार्की**
**दार्चुला ।**



जिल्ला अस्पतालको निर्माणाधीन ५० शय्याको अस्पताल भवन निर्माणमा ढिलाइ भएको छ । तीन वर्षभित्र सम्पन्न गर्ने गरी ठेक्का सम्झौता भएको भवन साढे चार वर्ष पुग्नै लाग्दासमेत जम्मा ५५ प्रतिशतमात्रै भौतिक प्रगति भएको छ ।

सघन सहरी तथा भवन निर्माण आयोजना कार्यालय बैतडीबाट निर्माण भइरहेको अस्पताल भवन २०७८ असार २४ गते श्याम सुन्दर गोर्खा वाइआर जेभीसँग २६ करोड ४८ लाख २७ हजार रुपैयाँ लागतमा ठेक्का सम्झौता भएको थियो । विसं २०८१ असार २३ गतेभित्र निर्माण सम्पन्न गर्ने लक्ष्य रहे पनि हालसम्म लक्ष्य पूरा हुनसकेको छैन । निर्माण कम्पनीका सब–इन्जिनियर गोकर्ण जोशीका अनुसार हाल अस्पताल भवनको तेस्रो तला ढलानको काम भइरहेको छ । 'काम निरन्तर भइरहे जस्तो देखिए पनि उल्लेख्य भौतिक प्रगति देखिएको छैन,' उनले भने । गत वर्ष २०८२ मङ्सिर मसान्तसम्म म्याद थप गरिएको भए पनि म्यादसमेत सकिएको उनको भनाइ छ । अहिले पनि काम जारी छ । भवनको तेस्रो तला ढलान गरिएको छ । भवन निर्माणका लागि म्याद थपको प्रक्रिया चलिरहेको निर्माण कम्पनीले जनाएको छ ।

सघन शहरी तथा भवन निर्माण आयोजना बैतडीका इन्जिनियर विशाल श्रेष्ठ भवन निर्माणको लागि दोस्रोपटक म्याद थपका लागि प्रक्रिया अघि बढेको सुनाउँछन् । निर्माण कम्पनीबाट विभागमा म्याद थपका लागि फाइल गएको छ । 'अहिलेको मितिमा म्याद थप गरिएको पत्र हामी कहाँ आइपुगेको छैन,' इन्जिनियर श्रेष्ठले भने ।

अस्पताल भवन निर्माणमा भएको ढिलाइका कारण सेवा प्रवाहमा समेत समस्या देखिएको अस्पताल प्रशासने जनाएको छ । जिल्ला अस्पताल दार्चुलाका डा रवीन्द्र भट्टराईका अनुसार भवन नहुँदा सेवा अझै व्यवस्थित रूपमा सञ्चालन गर्न कठिन भइरहेको छ ।

'यदि भवन समयमै निर्माण भएको भए सेवा सञ्चालन धेरै सहज हुने थियो,' उनले भने, 'अहिले अस्थायी संरचनामै बिरामीको उपचार गर्नुपरेको छ ।' डा भट्टराईका अनुसार एकै ठाउँमा व्यवस्थित भवन नहुँदा रेखदेख गर्नसमेत समस्या भइरहेको छ । चिसो मौसममा पक्की भवन नहुँदा बिरामीको उपचार प्रभावित भइरहेको छ भने जटिल अप्रेसन तथा आवश्यक जाँचमा समेत कठिनाइ हुने गरेको छ ।

दैनिक दुई सयभन्दा बढी सेवाग्राहीलाई सेवा दिँदै आएको जिल्ला अस्पतालमा भवन नहुँदा अन्तरङ्ग (इन्डोर) सेवा सञ्चालनमा समस्या देखिएको छ । अस्पतालका सूचना अधिकारी डम्मरदत्त भट्टका अनुसार भवन अभावका कारण प्रसूति सेवा, आइसियू, भिडियो एक्स–रे र अल्ट्रासाउन्ड जस्ता सेवा सञ्चालनमा कठिनाइ छ । अहिलेकै अवस्थामा भवन निर्माण हुने हो भने अझै तीन वर्ष समय लाग्ने देखिएको छ ।

अहिलेको अस्पताल काम चलाउ भवनमा सञ्चालन भइरहेको हो । चाँडै भवन निर्माण सकिएको भए जिल्ला अस्पतालको सेवा अझै प्रभावकारी हुने सूचना अधिकारी भट्टको भनाइ छ । साँघुरो कोठामा सञ्चालन भइरहेका अन्तरङ्ग सेवाका कारण बिरामीमा सङ्क्रमणजन्य रोग फैलिने जोखिमसमेत बढेको अस्पताल प्रशासनको भनाइ छ ।

सरोकारवालाहरूले निर्माण कार्य शीघ्र सम्पन्न गरी सेवाको गुणस्तर सुधार गर्न माग गरेका छन् । अस्पताल भवन निर्माणमा भएको ढिलाइप्रति नागरिक समाजले पटक–पटक ध्यानाकर्षण गराउँदै आएको छ । नागरिक समाजका संयोजक महेश भट्टका अनुसार निर्माण व्यवसायी फिल्डमा नै नदेखिने र काम गरेको जस्तो मात्र देखाउने प्रवृत्ति हाबी छ । अस्पताल जस्तो संवदेनशील ठाउँमा निर्माण कम्पनीले समेत लापरबाही गरेको प्रस्टै छ ।

'भवन जस्ताको त्यस्तै हुँदा जिल्लाबासीले उपचारमा समस्या भोग्नुपरेको छ,' उनले भने, 'समयमै कामन गर्ने निर्माण कम्पनीलाई कारबाही गरी कालो सूचीमा राख्न दबाब दिनुपर्ने अवस्था आइसकेको छ ।' स्वास्थ्यजस्तो संवेदनशील क्षेत्रमा निर्माण व्यवसायी र आयोजना कार्यालयले गम्भीर लापरबाही गरेको उनको आरोप छ ।

**उन्नचालिस वर्षदेखि अस्पताल निमित्तकै भरमा**

जिल्ला अस्पताल स्थापनाको ३९ वर्ष बितिसक्दा पनि मेडिकल सुपरिटेन्डेन्ट (मेसु) को दरबन्दी रिक्त छ । विसं २०४३ मा स्थापना भएको अस्पताल अहिलेसम्म निमित्तकै भरमा सञ्चालन हुँदै आएको हो । अस्पतालका निमित्त कार्यालय प्रमुख डा भट्टराईकाअनुसार अस्पतालमा दरबन्दीको जनशक्ति अभाव अझै छ ।

बाइस स्थायी दरबन्दीमध्ये हाल १३ जना मात्रै पदपूर्ति भएका छन् । मेडिकल सुपरिटेन्डेन्टदेखि रेडियोग्राफर, एचए, कार्यालय सहयोगीसम्मका पद रिक्त छन् । बिरामीको चापका कारण स्वीकृत १५ शय्याको जिल्ला अस्पताललाई हाल ३५ शय्यामा सञ्चालन गर्नुपरेको छ । भवन नहुँदा पनि जेनतेन काम चलाउ व्यवस्थापन गरिएको छ ।

अहिले अस्पताल छात्रवृत्ति, करार, प्रदेश करार तथा विभिन्न संस्थाको सहयोगमा सञ्चालन भइरहेको उनले बताए । हाल अस्पतालमा ६३ दरबन्दीका लागि ९५ जना कार्यरत छन् । अहिलेको अवस्थामा हेर्दा एक जना डाक्टरले औसतमा २ स १५ बिरामी हेर्नुपर्ने बाध्यता रहेको छ । भारतसँग सीमा जोडिएको दार्चुलाको अस्पताल सुदृढीकरणका लागि सबै पक्षको सहयोग र समन्वय भयो भने अझै व्यवस्थित रुपमा सञ्चालनगर्न कुनै समस्या नहुने डा भट्टराईको भनाइ छ ।

# बाघ गणनामा राखिएका सातवटा क्यामरामा क्षति

**चितवन ।**

चितवन राष्ट्रिय निकुञ्जमा बाघ गणनाका लागि राखिएका सातवटा क्यामेरामा क्षति पुगेको छ । पुस ३ गतेदेखि शुरु गरिएको बाघ गणनाका क्रममा राखिएका पाँच क्यामेरा हराएका छन्भने दुई क्यामेरा हात्तीले फुटाएको हो ।

निकुञ्जका सूचना अधिकारी अविनास थापा मगरका अनुसार बाघ गणनामा राखिएका क्यामेरामध्ये तीन थुम्सी क्षेत्रमा र दुईवटा तमासपुर क्षेत्रमा राखिएका क्यामेरा हराएका हुन् । टाइगर टप्स क्षेत्रमा रहेका दुई क्यामेर हात्तीले फुटाएको उनले बताए । करिब २८६ ग्रिडमा क्यामेरा राखेर बाघ गणना गरिएको थियो ।

मगरका अनुसार पहिलो भागको गणनाको काम सकेर क्यामेरा उठाउने क्रममा तीन स्थानमा राखिएका क्यामेरा हराएको र हात्तीले क्षति पु¥याएको हो । चितवन र पर्सा राष्ट्रिय निकुञ्जलाई एउटा ब्लक बनाएर बाघ गणना शुरु गरिएको छ । उनका अनुसार त्रिवेणी, अमलटारी, कसरा हुँदै बरणडाभार क्षेत्रलाई पहिलो भाग बनाएर गणना गरिएको थियो ।

अहिले दोस्रो भागमा बाघ गणनाको कार्य शुरु गरिएको छ । दोस्रो भागमा १३ वटा क्याम्प बनाएर गणकहरु खटिएका छन् । यस भागअन्तर्गत सौराहा, खगेन्द्रमल्ली हुँदै लोथर प्रतापपुर र हर्दासम्म, बोटे सिमारा, स्वमेश्वर, बगई, अम्बुवा हुँदै शिकारी बाससम्मको क्षेत्रमा क्यामेरा जडान गरेर गणना गरिएको छ । यो भागलाई ३३६ ग्रिडमा विभाजन गरेर बाघ गणना गरिएको छ । गणनामा १५० गणक खटिएका छन् । थापाका अनुसार एउटा भागमा दुई साता क्यामेरा राखेर बाघ गणना गरिने छ ।

चितवन–पर्सा ब्लकमा ९५८ ग्रिड बनाएर बाघ गणना गरिँदै छ । यसअघि सन् २०२२ मा गरिएको बाघ गणनामा नेपालमा ३५५ वयस्क बाघ रहेको तथ्याङ्क सार्वजनिक भएको थियो । सो गणनामा चितवनमा १२८, बर्दिया निकुञ्जमा १२५, बाँके निकुञ्जमा २५, पर्सामा ४१ र शुक्लाफाँटामा ३६ बाघ भेटिएका थिए ।

# 'बालेन र रविको सहयात्रा अदृश्य शक्तिले जोडेको होइन'



**काठमाडौँ ।**

पछिल्लो समय नेपाली राजनीतिमा चर्चाको विषय बन्यो काठमाडौँ महानगरपालिकाका प्रमुख बालेन्द्र शाह (बालेन) र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सभापति रवि लामिछानेबीचको सहयात्रा । विभिन्न अड्कल, टिप्पणी र 'अदृश्य शक्ति'को आरोपबीच, यो सहकार्य कसरी सम्भव भयो भन्ने विषयमा राससले यस सहयात्राको संवादको भूमिकामा रहेका प्रतिनिधिसभाका पूर्व सांसद एवम् रास्वपाका नेता असिम साहसँग संवाद गरेको छ ।

फरक पृष्ठभूमि, फरक स्वभाव र फरक राजनीतिक यात्राका दुई पात्र बालेन्द्र शाह र रवि लामिछानेको एकै राजनीतिक सहयात्रा शुरु भइसकेको छ । सोही सहयात्राको पहलका लागि 'पोस्टम्यान'को भूमिका आफूले खेलेको पूर्व सांसद साहले बताए । संवादका क्रममा उनले दुवै पक्षको मनस्थिति बुझ्ने, सन्देश आदानप्रदान गर्ने र भेटवार्ताको वातावरण बनाउन आफू र अर्का सहकर्मी, आफनै दाजु आसिफ साहले गरेको पहल स्मरण गरे । औपचारिक वार्ताले मात्र नभइ विश्वासले एकता सम्भव भएको उनको तर्क छ । उनकाअनुसार राजनीतिक गणितले नभएर व्यक्तिगत विश्वास र सम्बन्धले सहमति सम्भव भएको हो ।

'अदृश्य शक्ति होइन, दृश्य शक्ति नै हामी दुई जना हौँ,' उनले भने, 'सहयात्रा सहज थिएन । रवि लामिछानेको जेल बसाइ, अदालती प्रक्रिया, प्रमुख बालेनको पारिवारिक शोक, धेरै अवरोध आए । अन्तत सभापति रिहा हुनुभयो । पुस ७ गते भेट सम्भव भयो । कति समय मिडियाबाट जोगिँदै, स्थान परिवर्तन गर्दै राति गरिएको भेटले नयाँ राजनीतिक समीकरणको आधार तयार गर्यो ।'

यस सहयात्रा चुनावी रणनीति मात्र हो कि दीर्घकालीन राजनीतिक परिवर्तनको सङ्केत हो भन्ने प्रश्नमा नेता शाहले भने, 'सात–आठ घण्टासम्मको गहिरो संवाद, आपसी समझदारी र देश विकासको समान लक्ष्यले यो सहयात्रालाई दीर्घकालीन बनाएको छ ।'

शाह मन र दिमाग दुवै मिलेर भएको एकता भएको बताउँछन् । यो सहयात्रा लामो समयसम्म जाने विश्वास उनको छ । वैकल्पिक शक्ति छरिएर हैन एकजुट हुनुपर्ने आवश्यकता बोध भएपछि दाजु आसिफ र आफूले पहल थालेको उनको भनाइ थियो । रास्वपाले जेनजी आन्दोलनपछि बदलिएको राजनीतिक परिस्थितिमा वैकल्पिक शक्ति एक ठाउँमा उभिने क्रमलाई जारी राखेको बताए ।

'छरिएर रहेका वैकल्पिक शक्ति एउटै प्लेटफर्म, एउटै भाँडो आवश्यक थियो । आजको मितिमा त्यो प्लेटफर्म रास्वपा नै हो,' उनले भने । निर्वाचनअघि नै कतिपयले रास्वपा प्रधानमन्त्री र सरकार बनाउन हतार गरेको भन्ने प्रतिक्रियामा आफूहरु स्पष्ट रहेको उनले बताए ।

उनकाअनुसार सहयात्राको मुख्य राजनीतिक सन्देश नै दुई तिहाइको सरकार र बालेन शाह प्रधानमन्त्री हो । अहिले रास्वपाले संसदीय दलको नेताका रूपमा बालेनलाई अघि सारिसकेको छ । 'एक महिना अघि देश चुनावतर्फ जान्छ कि जाँदैन भन्ने अनिश्चितता थियो । संसद् पुनःस्थापनाको चलखेल र सरकार ढाल्ने प्रयास चलिरहेका थिए । तर बालेन र रवि एक ठाउँमा आएपछि देश चुनावतर्फ होमिएको छ,' उनले भने, 'बालेन पक्ष चुनावका लागि अत्यन्तै निर्णायक छ । देशभर फैलिएको ऊर्जाले चुनाव टार्ने तत्वहरूलाईसमेत पछि हट्न बाध्य बनाएको छ ।'

# बार्गेनिङ्ग गर्न जसपा नेपालको अलग्गै .....

प्राविधिक कारण देखाउँदै छुट्टै उम्मेदवारी दिएको दाबी गरेका छन् । यद्यपि ती प्राविधिक कारण के हुन् भन्ने स्पष्ट गरिएको छैन । ठाकुरसहित थप एक सिट सुनिश्चित गर्ने उद्देश्यले रणनीतिक दबाब सिर्जना गर्न उम्मेदवारी दिएको जसपा नेपालभित्रकै केही नेताहरूको बुझाइ छ । कतिपय नेताहरूले मधेश प्रदेशबाट आफूहरूले दुई सिट पाउनुपर्ने दाबी पनि गर्दै आएका छन् । जसपा नेपाल मधेश प्रदेश संसदीय दलका नेता सरोजकुमार यादवले प्राविधिक त्रुटिका कारण केन्द्रीय निर्देशनअनुसार उम्मेदवारी दर्ता गरिएको बताए ।

उनले भने, 'प्राविधिक समस्या देखिएपछि उम्मेदवारी दिएका हौँ । फिर्ता गर्ने–नगर्ने विषय केन्द्रीय निर्देशनमा निर्भर हुन्छ । जे निर्देशन आउँछ, हामी त्यही पालना गर्छौँ ।'

जसपा नेपालका सचिव तथा पूर्वप्रदेशमन्त्री शैलेन्द्र साहले पार्टी एकीकरणको राजनीतिक निर्णय भए पनि औपचारिक प्रक्रिया अझै पूरा नभएको बताए । उनका अनुसार, 'गठबन्धनको सहमतिअनुसार ठाकुरजीलाई समर्थन गरेका छौँ । तर केही प्राविधिक विषय नमिलेकाले अन्य समूहमा उम्मेदवारी दिनुपरेको हो ।' साहले कांग्रेस–एमाले गठबन्धनबाट जसपा नेपाललाई दुई सिट दिने कुरा भएको दाबीसमेत गरे । 'हामीले थप एक सिट मागेका हौँ । त्यो सुनिश्चित भए उम्मेदवारी फिर्ता लिन्छौँ, नभए उम्मेदवारी कायमै रहन्छ,' उनले भने । सहमतिविपरीत जसपा नेपालको कदमपछि चुनावी अंकगणितमा हेरफेर हुनसक्ने सम्भावना देखिएको छ । यसले ठाकुर नेतृत्वको लोसपामा समेत मत हाल्ने विषयमा अन्योल सिर्जना भएको नेताहरूको भनाइ छ । कांग्रेस–एमालेका उम्मेदवारलाई मत दिने कि जसपा नेपालका उम्मेदवारलाई भन्ने विषयमा लोसपाभित्र द्विविधा देखिएको बताइन्छ ।

राष्ट्रियसभा सदस्य निर्वाचनमा प्रदेशसभा सदस्य र स्थानीय तहका प्रमुख तथा उपप्रमुख मतदाता हुन्छन् । मधेश प्रदेशमा कांग्रेस र एमालेको मतभार स्पष्ट बहुमतमा रहेकाले गठबन्धनका उम्मेदवार र ठाकुरको जित लगभग सुनिश्चित देखिन्छ ।

एमाले मधेश प्रदेश संसदीय दलका नेता एवम् पूर्वमुख्यमन्त्री सरोजकुमार यादवले जसपा नेपालले उम्मेदवारी फिर्ता नलिए पनि परिणाम प्रभावित नहुने दाबी गरे । एमालेका प्रमुख सचेतक हरिनारायण महतोले गठबन्धनका साझा उम्मेदवार ठाकुरलाई पूर्ण सहयोग गर्ने बताए । त्यसैगरी कांग्रेस मधेश प्रदेशका प्रमुख सचेतक कुमरकान्त झाले केन्द्रीय निर्देशनअनुसार नै पार्टी अघि बढ्ने स्पष्ट पारे । जसपा नेपालको छुट्टै उम्मेदवारीले गठबन्धनका उम्मेदवारलाई असर नपर्ने उनको भनाइ छ ।




# मधेशमा विशेष महाधिवेशनको तरंग, प्रतिनिधि...

प्रदेश उपसभापति वीरेन्द्र सिंह स्वयम् लबिङमा लागेकाले त्यहाँबाट उल्लेख्य संख्यामा प्रतिनिधि सहभागी हुने आकलन गरिएको छ ।

महोत्तरीमा पनि गगन–विश्वप्रकाश पक्षको प्रभाव देखिन्छ । निवर्तमान सांसद महिन्द्र राय, बर्दिवास नगरपालिकाका मेयर प्रह्लाद क्षेत्री र अन्य प्रभावशाली नेता विशेष महाधिवेशनको पक्षमा माहोल बनाइरहेका छन् । धनुषामा भने संस्थापन र शेखर पक्षको सक्रियता बढेसँगै गगन–विश्वप्रकाश पक्षका प्रतिनिधि घटेका छन् ।

करिब २० प्रतिशत हाराहारी प्रतिनिधि मात्रै सहभागी हुने दाबी गरिएको छ । शुरुमा विशेष महाधिवेशनको समर्थन गरेका केही प्रतिनिधि शीर्षनेताको दबाबपछि पछि हटेको स्रोत बताउँछ । सिरहामा पूर्वकेन्द्रीय कोषाध्यक्ष सीता यादव विशेष महाधिवेशनको पक्षमा देखिएकी छन् भने सप्तरीमा जिल्ला सभापति रामदेव साहसहितका नेताहरू खुलेर समर्थनमा उत्रिएका छन् ।

संस्थापन र शेखर पक्षको पकड मानिएका जिल्लामा समेत गगन–विश्वप्रकाश समूहको प्रभाव क्रमशः बढ्दै गएको कांग्रेस स्रोतको भनाइ छ । नेतृत्वप्रति असन्तुष्टि बढ्दै जाँदा विशेष महाधिवेशनको मागलाई समर्थन गर्ने नेताहरूको संख्या बढिरहेको देखिन्छ ।

संस्थापन र शेखर पक्षले मधेशबाट करिब २० प्रतिशत प्रतिनिधि मात्रै सहभागी हुने दाबी गरिरहेका बेला गगन–विश्वप्रकाश समूह भने ५५ प्रतिशतभन्दा बढी प्रतिनिधि विशेष महाधिवेशनमा सहभागी हुने विश्वास व्यक्त गरिरहेको छ ।

**मधेशका आठ जिल्ला सभापतिको आह्वान**

नेपाली कांग्रेस मधेश प्रदेशअन्तर्गतका आठ जिल्लाका जिल्ला सभापतिले पार्टी विधानविपरीत हुने कुनै पनि गतिविधिमा संलग्न नहुन पार्टीका सबै तहका नेता, कार्यकर्ता तथा सदस्यलाई आग्रह गरेका छन् ।

संयुक्त प्रेस विज्ञप्ति जारी गर्दै उनीहरूले पार्टी विधानअनुसार 'महाधिवेशन' वा 'विशेष महाधिवेशन' आह्वान गर्ने अधिकार केन्द्रीय कार्यसमितिमा मात्र निहित रहेको स्पष्ट पारेका छन् । कुनै पनि पदाधिकारी वा सदस्यले व्यक्तिगत रूपमा महाधिवेशन वा विशेष महाधिवेशनको नाममा कार्यक्रम, भेला वा गतिविधि सञ्चालन गर्नु विधानविपरीत हुने विज्ञप्तिमा उल्लेख छ ।

विज्ञप्तिमा जिल्ला, प्रतिनिधिसभा क्षेत्र, प्रदेशसभा क्षेत्र, महासमिति, महाधिवेशन प्रतिनिधि, पालिका, वडा तथा टोल तहका समिति, साथै भ्रातृ एवम् शुभेच्छुक संस्थाका पदाधिकारी तथा सदस्यलाई पार्टीको आधिकारिक निर्णय, नीति र अनुशासनको पूर्ण पालना गर्न आह्वान गरिएको छ । यस्ता गतिविधिमा सहभागी नहुन र पार्टी एकतालाई कमजोर पार्ने कुनै कदम नचाल्न पनि चेतावनी दिइएको छ ।

यसैगरी, मिति २०८२ माघ ११ गते हुने राष्ट्रियसभा सदस्य निर्वाचन तथा २०८२ फागुन २ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गर्दै पार्टीका आधिकारिक उम्मेदवारलाई विजयी गराउन सबै नेताकार्यकर्ता, समर्थक तथा शुभेच्छुकलाई एकताबद्ध र सशक्त रूपमा चुनावी अभियानमा जुट्न आग्रह गरिएको छ ।

संयुक्त विज्ञप्तिमा महोत्तरीका जिल्ला सभापति नागेश्वर प्रसाद यादव, सप्तरीका रामदेव शाह, सर्लाहीका डा. सरोजकुमार यादव, बाराका राजेश राय यादव, सिरहाका रामचन्द्र यादव, रौतहटका सुनिल कुमार यादव, पर्साका जनार्दन सिंह क्षेत्री तथा धनुषाका योगेन्द्र पञ्जियारले हस्ताक्षर गरेका छन् । विशेष महाधिवेशन पक्षधर समूहले पुस २७ र २८ गते काठमाडौँको भृकुटीमण्डपमा विशेष महाधिवेशन आयोजना गर्ने तयारी गरेको छ ।

# संरक्षण अभावमा अस्तित्व खोज्दै रामायण भवन

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधामका अधिकांश स्थल राम र सीतासँग जोडिएका विभिन्न स्थल छन् । यसका साथै सीता राम र रामायणसँग सम्बन्धित विभिन्न मठमन्दिरसमेत छन् । सोहीमध्ये जनकपुरधामस्थित राममन्दिरको ठीक अगाडि र धनुष सागर पोखरीको डिलमा रामायण भवनसमेत छ ।

जनकपुरधामको ऐतिहासिक रामायण भवन भने अहिले आफ्नै अस्तित्व खोजिरहेको छ । राम चरित मानस आउने युवा पुस्तामा समेत हस्तान्तरण गर्ने उद्देश्यले निर्माण गरिएको रामायण भवन संरक्षण अभावमा जिर्ण हुँदै गइरहेको छ । तुलसी दासद्वारा रचित रामचरित मानस लेखिएको भवनको संरक्षणमा कुनै निकायले ध्यान दिन नसक्दा भवनको अस्तित्व नै मेटिने खतरा बढेको छ ।

धनुष सागर पोखरीको डिलमा रहेको रामायण भवनको भित्री भित्तामा रामचरित मानस लेखिएको छ भने सीतारामको विवाहसँग सम्बन्धित तस्बिर कुँदिएका छन् । केही वर्ष अगाडिसम्म रामायण भवन श्रद्धालु भक्तजनका लागि अकार्षणको केन्द्र थियो । जनकपुरधाम आउने पर्यटक जानकी मन्दिर, राम मन्दिर, राजदेवी मन्दिरमा पूजा गरेपछि भवनमा समेत पूजा अराधनाका लागि पुग्ने गर्थे ।

पछि सत्यसाई केन्द्र नामक संस्थाले भवन कब्जा गरेपछि भक्तजन त्यहाँ जान छाडे । तर अचेल भवन सर्वसाधारणका लागि बन्द गरिएको छ ।

सत्यसाई केन्द्रले रामायण भवनमा कब्जा जमाएपछि गौ संरक्षण मञ्चका अध्यक्ष जगदीश महासेठले अभियान चलाएर खाली गराउन सफल भएका थिए । महासेठले भने, 'रामायण भवनमाथि रहेको केन्द्रको कब्जा हटाउन प्रशासनलाई शुरुमा गुहार्यौं तर प्रशासनले चासो नलिएपछि पुनरावेदन अदालत पुगेका थियौँ ।' पछि तत्कालीन पुनरावेदन अदालतले सत्यसाई केन्द्रलाई हट्न आदेश सुनाएको थियो ।

केन्द्रको कब्जाबाट रामायण भवन मुक्त भए पनि भवन जिर्ण भइरहेकामा महासेठले चिन्ता व्यक्त गरे । उनले भने, 'जनकपुरधामलाई धार्मिक पर्यटनको केन्द्र बनाउने कुरो बेला बेलामा उठ्छ तर यहाँका धरोहर संरक्षण हुनसकेको छैन, कसरी धार्मिक पर्यटनको केन्द्र बनाउने ?' उनले भने, 'यहाँ दर्जनौं युवा क्लबहरु छन् तर पूजा मेलाको समयमा मात्रै सक्रिय रहेको देखिन्छन् जबकि यी धरोहरको संरक्षणमा समेत युवा क्लबहरुको ध्यान केन्द्रित हुनु पर्ने हो ।'

- **प्राविधिक टोली गठन गरी जिर्णोद्धारको प्रयास**

धार्मिक, सांस्कृतिक र ऐतिहासिक पहिचानसँग गहिरो रूपमा जोडिएको जनकपुरधामस्थित रामायण भवनको संरक्षण तथा जीर्णोद्धार प्रक्रिया औपचारिक रूपमा अघि बढ्ने भएको छ । धार्मिक पर्यटन र मिथिला संस्कृतिको दृष्टिले अत्यन्तै महत्वपूर्ण मानिने रामायण भवन उचित मर्मत र संरक्षणको अभावमा क्रमशः क्षतिग्रस्त हुँदै आएको थियो । स्थानीय, संस्कृति प्रेमी तथा विभिन्न संघसंस्थाले पटक–पटक संरक्षणको माग उठाउँदै आए पनि व्यवहारिक पहल अघि बढ्नसकेको थिएन । गुठी संस्थानको पछिल्लो सक्रियतापछि भने भवनको भविष्यप्रति नयाँ आशा जागेको छ । गठित प्राविधिक टोलीमा गुठी संस्थानका दुई जना प्रतिनिधि, पुरातत्व विभागका एक जना प्राविधिक, पुलचोक इन्जिनियरिङ क्याम्पसका सांस्कृतिक सम्पदा विषयका विज्ञ पूर्वप्राध्यापक तथा जनकपुरधाम उपमहानगरपालिकाका एक जना विज्ञ सदस्य छन् ।

टोलीले रामायण भवनको वर्तमान संरचनागत अवस्था, मजबुती, ऐतिहासिक मौलिकता र दीर्घकालीन संरक्षणका सम्भावित उपायबारे विस्तृत अध्ययन गर्नेछ । अध्ययनपछि तयार गरिने प्रतिवेदनका आधारमा भवनलाई मौलिक स्वरूप जोगाउँदै पुनःनिर्माण वा जीर्णोद्धारको उपयुक्त मोडेल तय गरिने जनाइएको छ ।

प्राविधिक टोलीले छिट्टै अध्ययन सम्पन्न गरी प्रतिवेदन बुझाउने र त्यसपछि जीर्णोद्धार वा पुनःनिर्माणको वास्तविक काम अघि बढ्ने अपेक्षा गरिएको छ ।

# १६३ मतदानस्थल अति संवेदनशील क्षेत्रमा

**मधेशदृष्टि**
**महोत्तरी ।**
महोत्तरीका १६३ वटा मतदानस्थल अतिसंवेदनशील क्षेत्रमा परेका छन् । आगामी फागुन २१ गते हुन लागेको प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि जिल्लामा २५८ वटा मतदानस्थल कायम गरिएकामा १६३ वटा मतदानस्थललाई अतिसंवेदनशील वर्गमा राखिएको छ । त्यसैगरी, ८९ वटा मतदानस्थल संवेदनशील वर्गमा र छ वटा मतदानस्थल सामान्य वर्गमा परेको जिल्लास्थित सुरक्षा संयन्त्रले जनाएको छ ।

महोत्तरीको पूर्व–दक्षिण, दक्षिण र पश्चिम–दक्षिणमा करिब १४ किलोमिटर भूभाग भारतीय सीमावर्ती क्षेत्रसँग जोडिएको र विभिन्न सात वटा पालिकासँग भारतको खुला सिमाना रहेका कारण यहाँका निर्वाचनस्थलमध्ये १६३ वटा अतिसंवेदनशील वर्गमा ८९ वटा संवेदनशील वर्गमा राखिएको छ भने छ वटा निर्वाचनस्थल मात्रै सामान्य वर्गमा परेका छन् ।

# देशभर पश्चिमी वायुको आंशिक प्रभाव

**मधेशदृष्टि**
**वीरगंज ।**
देशभर पश्चिमी वायुको आंशिक प्रभाव रहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । शुक्रबार विहानैदेखि वीरगंज र यस आसपासको क्षेत्रमा बाक्लो हुस्सु लागेको छ । केही दिन यता यस क्षेत्रमा विहानै देखि सुर्यको प्रकाश देखिएको भएतापनि शुक्रबार भने विहानै देखि हुस्सु देखिएको छ ।

तराई र पहाडी भेगका धेरै ठाउँमा हुस्सु र कुहिरो लागेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । कोशी, मधेश, बागमती, गण्डकी र लुम्बिनी प्रदेशमा आंशिक बदली रही बाँकी पहाडी तथा हिमाली भूभागमा मौसम मुख्यतया सफा रहनेछ । देशका तराई भूभागमा हुस्सु तथा कुहिरोको प्रभावले दैनिक जनजीवन, पर्यटन, स्वास्थ्य साथै हवाई तथा सडक यातायातमा आंशिक प्रभाव पर्ने देखिएकोले आवश्यक सतर्कता अपनाउन महाशाखाले अनुरोध गरेको छ । देशभर चिसो बढेको छ ।

## गौर हत्याकाण्डः
# १९ वर्षपछि फेरि अनुसन्धान सुरु



**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटको गौरमा २०६३ चैत ७ गते भएको २७ जनाको सामूहिक हत्या घटनामा १९ वर्षपछि फेरि औपचारिक अनुसन्धान अघि बढेको छ । सर्वोच्च अदालतले जारी गरेको परमादेशको पूर्णपाठ ७ पुसमा प्राप्त भएपछि जिल्ला प्रहरी कार्यालय रौतहट घटनाको अनुसन्धानमा सक्रिय बनेको हो ।

घटनालगत्तै किटानी जाहेरी दर्ता भएपनि तत्कालीन माओवादी, मधेसी जनअधिकार फोरम र सत्ताबीचको 'सम्झौता'का कारण त्यसबेला अनुसन्धान रोकिएको थियो । न्यायको खोजीमा पीडित परिवारले प्रधानमन्त्री, मन्त्रीदेखि विभिन्न निकायसम्म पटक–पटक हारगुहार गरे । धर्ना, जुलुस र दबाबका कार्यक्रम गर्दा पनि सुनुवाइ नभएपछि अन्ततः उनीहरूले २०८० जेठ १८ गते सर्वोच्च अदालतमा रिट दायर गरेका थिए । सो रिटमाथि सुनुवाइ गर्दै न्यायाधीशद्वय तिलप्रसाद श्रेष्ठ र नित्यानन्द पाण्डेयको संयुक्त इजलासले २ भदौमा तत्काल अनुसन्धान अघि बढाउन परमादेश जारी गरेको थियो ।

परमादेशको पूर्णपाठ चार महिनापछि प्राप्त भएपछि प्रहरी सक्रिय भएको हो । जिल्ला प्रहरी कार्यालय रौतहटले १५ पुसदेखि पीडित परिवार, मृतकका आफन्त र घाइतेहरूसँग बयान लिन थालेको छ । थप जाहेरी र बयान लिने तयारी पनि भइरहेको प्रहरीले जनाएको छ । २०६४ वैशाख २८ गते ७ जनाले किटानी जाहेरी दिएका थिए । तीमध्ये बौधीमाई–८ का त्रिभुवन साह मात्र प्रत्यक्ष पीडित (घाइते) थिए । अन्य जाहेरीकर्ता तत्कालीन माओवादीसँग आबद्ध मधेसी राष्ट्रिय मुक्ति मोर्चा र वाईसीएलका नेता कार्यकर्ता थिए ।

घटना निकै पुरानो र राजनीतिक रूपमा संवेदनशील भएकाले प्रभावकारी अनुसन्धानका लागि केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) को टोली झिकाउने तयारी भइरहेको रौतहटका प्रहरी उपरीक्षक रविन कार्कीले बताए । उनका अनुसार बयान लिने र सोधपुछ गर्ने काम तीव्र गतिमा अघि बढाइएको छ । यसअघि २०७६ भदौमा तत्कालीन एसपी भूपेन्द्र खत्रीले गौर घटनाको फाइल अध्ययन थाले पनि सरुवापछि अनुसन्धान थाती रह्यो ।

अनुसन्धान रोकिएपछि त्रिभुवन साह, रूपसागर उपाध्यायलगायत पीडित सर्वोच्च पुगेका थिए । अदालतले जाहेरी दर्ता र अनुसन्धान प्रहरीको कानुनी कर्तव्य भएको स्पष्ट गर्दै प्रहरीको स्वेच्छाचारी भूमिकामाथि प्रश्न उठाएको छ । परमादेशपछि राजनीतिक प्रतिशोध साध्न खोजिएको आरोप लगाउँदै सदरमुकाम गौरमा मसाल जुलुससमेत निकालिएको थियो ।

गौर घटनामा जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव, संविधानसभा सदस्य बबन सिंह, पूर्वसांसद बाबुलाल साहलगायतलाई आरोपित गरिएको छ । केही आरोपितको मृत्यु भइसकेको छ । पीडित परिवारले परमादेशपछि न्यायको ढोका खुलेको महसुस भएको बताएका छन् ।

राष्ट्रिय मानवअधिकार आयोगले पनि घटनालाई जघन्य, नियोजित र क्रूर अपराध ठहर गर्दै दोषीलाई कारबाही र पीडितलाई क्षतिपूर्ति दिन सिफारिस गरिसकेको छ । १९ वर्षपछि सुरु भएको अनुसन्धानले गौर हत्याकाण्डका पीडितले न्याय पाउने अपेक्षा बढाएको छ ।

# वृक्षारोपण र पोखरी सुधारमा पारदर्शिता अपनाउन आग्रह

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाम उपमहानगरपालिका वडा नं. २२ का वडाध्यक्ष विमलेश मिश्रले वडाभित्र जिर्ण अवस्थामा रहेका पोखरीको सुधार तथा व्यवस्थापन प्रक्रियामा पारदर्शिता र सामुदायिक सहभागिता आवश्यक रहेको बताएका छन् । पोखरीको डिल तथा आसपास वृक्षारोपण र अन्य व्यवस्थापन गतिविधि सञ्चालन गर्दा यससम्बन्धी सबै विवरण वडालाई जानकारी गराउनुपर्नेमा उनले जोड दिए । वडाध्यक्ष मिश्रका अनुसार विगतका विभिन्न समयमा पोखरी तथा डिलमा भिक्स (सपेता) प्रजातिका रूख रोपिएका छन्, तर ती गतिविधि कुन निर्णय, सम्झौता वा समूहको पहलमा भएका हुन् भन्ने स्पष्ट विवरण वडामा उपलब्ध छैन ।

उनले भने, 'यदि पोखरी वा डिलसँग सम्बन्धित वृक्षारोपण, संरक्षण वा व्यवस्थापनका लागि कुनै निर्णय पुस्तिका, सम्झौता वा समूह गठन भएको छ भने त्यसको अभिलेख वडामा रहनुपर्छ । यसले आगामी दिनमा पोखरी व्यवस्थापनलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी बनाउन सहयोग गर्छ ।'

वडाध्यक्ष मिश्रले वडावासी तथा सरोकारवाला सबैसँग समन्वय गर्दै भने, 'यदि यसअघि कुनै किसिमको वृक्षारोपण वा व्यवस्थापनसम्बन्धी निर्णय लिइएको छ भने आवश्यक कागजात र समूहगत संरचनाको विवरण वडामा उपलब्ध गराउन अनुरोध गर्दछौँ । यसबाट विकास योजनामा सहकार्य र पारदर्शिता सुनिश्चित हुनेछ ।' उनले आगामी दिनमा पोखरी संरक्षण तथा व्यवस्थापनका कामहरू सबै सरोकारवालाको सहभागिता र सहमतिमा अघि बढाइने प्रतिवद्धता पनि व्यक्त गरे ।

# भारतीय ट्रकबाट ठूलो मात्रामा सखर बरामद

**मधेशदृष्टि**
**महोत्तरी ।**
महोत्तरी प्रहरीले गोप्य सूचनाका आधारमा ठूलो परिमाणको सखर बोकेका दुई भारतीय मालवाहक ट्रक नियन्त्रणमा लिएको छ । जिल्ला प्रहरी कार्यालय महोत्तरीका अनुसार, पिपरा गाउँपालिका–५, जलेश्वर–जनकपुर सडकखण्डमा युपी३८एटी ४१२५ र बीआर६जिएफ ६९२९ नम्बरका ट्रकलाई रोकि जाँच गर्दा दुवैमा लोड गरिएको सखर भन्सार कागजातमा उल्लेखित गन्तव्य बाहेक अन्यत्र लैजान खोजिएको पाइएको थियो । पहिलो ट्रक युपी३८एटी ४१२५मा ३१ हजार ९ सय ८० केजी सखर भेटिएको छ, जसको अनुमानित मूल्य १२ लाख ७९ हजार रुपैयाँ रहेको छ । चालक जाबेद उल इस्लाम, भारत उत्तर प्रदेश निवासी ५० वर्षीय, नियन्त्रणमा लिइएको छ । अर्को बीआर६जिएफ ६९२९ मा ३३ हजार १ सय केजी सखर भेटिएको छ, अनुमानित मूल्य १३ लाख २४ हजार रुपैयाँ रहेको छ । चालक कृष्णा यादव, भारत सितामढी निवासी करिब ३९ वर्षीय, नियन्त्रणमा रहेका छन् । दुवै ट्रक र सखरको कुल अनुमानित मूल्य करिब ६६ लाख रुपैयाँ रहेको छ । नियन्त्रणमा लिइएका ट्रक, सामान र चालकलाई राजश्व अनुसन्धान कार्यालय बारामा आवश्यक अनुसन्धान र कारबाहीका लागि बुझाइएको छ ।

# कांग्रेसलाई जनमुखी र जिम्मेवार शक्ति बनाऔँ


**धनुषा ।**
नेपाली कांग्रेसका नेता विमलेन्द्र निधिले लोकतन्त्र, संविधान र समावेशी राजनीतिका लागि निरन्तर सङ्घर्षरत पार्टीका रूपमा कांग्रेस रहेको बताएका छन् । कांग्रेस धनुषा क्षेत्र नम्बर ३ को क्षेत्रीय बैठकलाई शुक्रबार सम्बोधन गर्दै उनले पार्टी सङ्गठनलाई सुदृढ बनाउन र जनताको विश्वास जित्न कार्यकर्ताहरूले इमान्दारिता र प्रतिबद्धताका साथ काम गर्नुपर्नेमा जोड दिए ।



नेता निधिले कांग्रेसलाई जनमुखी र जिम्मेवार शक्तिका रूपमा स्थापित गर्नुपर्ने आवश्यकता औँल्याए । उनले वर्तमान समयमा मुलुक कठिन अवस्थामा रहेको बताउँदै लोकतन्त्र र संविधानको रक्षाका लागि आपसी सहकार्य र समन्वय आवश्यक पर्ने धारणा राखे ।

प्रदेशसभा सदस्य रामसरोज यादवले पार्टीलाई जरा तहदेखि बलियो बनाउन सबै नेता–कार्यकर्ताहरू एकजुट भएर अघि बढ्नुपर्ने बताए । कार्यकर्ता जनताका समस्या समाधानमा सक्रिय रूपमा लाग्नुपर्नेमा जोड दिँदै उनले लोकतान्त्रिक मूल्य, संविधानको रक्षा तथा पार्टी एकतालाई बलियो बनाउनेतर्फ अगाडि बढ्नुपर्ने धारणा व्यक्त गरे । बैठकमा पार्टीका नेता, कार्यकर्ता तथा गृह सदस्यहरूको उपस्थिति थियो । बैठकमा सङ्गठन विस्तार, पार्टीको वर्तमान अवस्था, आगामी कार्यक्रम तथा स्थानीय तहमा कांग्रेसको भूमिकाबारे विस्तृत छलफल भएको थियो । क्षेत्रीय सभापति धीरेन्द्रकुमार निधिले पार्टीको नीति, सिद्धान्त र अनुशासनलाई आत्मसात गर्दै सङ्गठनलाई थप प्रभावकारी बनाइने प्रतिबद्धता व्यक्त गरे ।

# विशेष महाधिवेशनमा सहभागी नहुन आग्रह



**मधेशदृष्टि**
**बारा ।**
नेपाली कांग्रेस बाराले जिल्लाका नेता–कार्यकर्ताहरूलाई विशेष महाधिवेशनमा सहभागी नहुन अपिल गरेको छ ।

जिल्ला सभापति राजेश राय यादवले काठमाडौँमा हुन गइरहेको विशेष महाधिवेशनमा सहभागी नहुन विज्ञप्तिमार्फत् अपिल गरेका हुन् । पार्टीको विधानमा व्यवस्था भएबमोजिम केन्द्रको महाधिवेशन वा विशेष महाधिवेशन बोलाउने अधिकार व्यक्तिगत रुपमा पार्टीका कुनै पनि पदाधिकारी वा सदस्यलाई नभएर केवल पार्टी केन्द्रीय कार्यसमितिलाई मात्र रहेको उनले विज्ञप्तिमा उल्लेख गरेका छन् । जिल्ला सभापति यादवले ११ माघमा हुने राष्ट्रियसभा सदस्य तथा २१ फागुनमा हुने प्रतिनिधिसभा सदस्य चुनावमा पार्टीको प्रतिष्ठा र हितलाई ध्यानमा राखेर उम्मेदवारहरूलाई विजयी गराउने अभियानमा अझ सशक्त रुपमा लाग्न अनुरोध पनि गरेका छन् ।

सम्पादकीय

# मधेशमा कांग्रेसको धड्कनः किन बलियो बन्दैछन् विश्वप्रकाश र गगन ?

नेपाली कांग्रेसभित्रको आन्तरिक बहस अहिले केवल महाधिवेशन कहिले भन्ने प्रश्नमा सीमित छैन। यो बहस नेतृत्वको चरित्र, राजनीतिक दिशा र कार्यकर्ता–जनतासँगको सम्बन्धको परीक्षा पनि हो। यही सन्दर्भमा मधेशमा संस्थापनभन्दा महामन्त्री गगन थापा र विश्वप्रकाश शर्मा पक्षधरहरू बढी देखिनु संयोग होइन, संकेत हो।

पहिलो कारण—असन्तुष्टि । मधेशमा कांग्रेस नेतृत्वप्रति गहिरो असन्तोष छ। सरकारमा बसेर पनि मधेशका मुद्दा सम्बोधन गर्न नसकेको, संगठन कमजोर बन्दै गएको र कार्यकर्ताको आवाज नेतृत्वसम्म नपुगेको गुनासो व्यापक छ । संस्थापन पक्षले यथास्थितिलाई प्राथमिकता दिँदा मधेशका कार्यकर्ताले आफूलाई उपेक्षित महसुस गरेका छन्। यही असन्तोषले परिवर्तनको स्वरलाई बल दिएको हो।

दोस्रो कारण—पुस्तान्तरणको आकांक्षा । गगन–विश्वप्रकाशलाई मधेशका धेरै कांग्रेसजनले ‘पुरानै शैलीको राजनीति तोड्न सक्ने’ युवा अनुहारका रूपमा हेर्छन्। उनीहरूको भाषामा सुधार, जवाफदेहिता र आन्तरिक लोकतन्त्रको कुरा छ। विशेष महाधिवेशनको माग संस्थामाथि दबाब सिर्जना गरेर नेतृत्व र नीतिमा पुनरावलोकन गराउने प्रयासका रूपमा बुझिएको छ। तेस्रो कारण—चुनावी वास्तविकता। मधेशमा कांग्रेसको आधार लगातार खुम्चिँदै गएको छ। वैकल्पिक शक्ति, क्षेत्रीय दल र नयाँ राजनीतिक प्रवृत्तिले कांग्रेसलाई चुनौती दिइरहेका छन्।

यस्तो अवस्थामा ‘सबै ठीक छ’ भन्ने संस्थापनको सन्देश मधेशमा विश्वसनीय देखिँदैन । त्यसैले कार्यकर्ताले समयमै संरचनात्मक सुधार खोजिरहेका छन् । विशेष महाधिवेशनको माग अन्ततः फुटको संकेतभन्दा चेतावनी हो। नेतृत्वले यो आवाजलाई सुनेन भने मधेशमा कांग्रेसको दूरी अझ बढ्न सक्छ। तर यदि यसलाई आत्मसमीक्षाको अवसर बनाइयो भने कांग्रेस पुनः मधेशको भरोसाको पार्टी बन्न सक्ने सम्भावना पनि उत्तिकै छ। मधेशले अहिले कांग्रेससँग सत्ता होइन, सुनुवाइ र परिवर्तन मागिरहेको छ। यही मागको राजनीतिक अभिव्यक्ति गगन–विश्वप्रकाश धार बलियो देखिनु हो।

# प्रहारका बीच पनि रोकिएको छैन न्याय सम्पादन



कालिका खड्का

जेन्जी आन्दोलनका क्रममा गत भदौ २४ गते राज्यका महत्वपूर्ण संरचनासँगै आगजनीमा परेको न्यायको सर्वोच्च निकाय सर्वोच्च अदालतका इजलासहरु अहिले पनि पालका भरमा सञ्चालित छन् । त्यस दिन रामशाहपथस्थितको ऐतिहासिक सर्वो‌च्च अदालत भवन मात्रै जलेन करिब २४ हजार मुद्दामध्ये २० हजार मुद्दाका मिसिल जलेर खरानी भए। कागजात जल्दा न्याय दिने न्यायमूर्ति र न्यायको आशमा रहेका सबैलाई आहत बनायो।

न्यायालयले आजगनीबाट खरानी भएको संरचनाबाट क्रमशः उठेर आफ्ना काम अघि बढाउने प्रयास जारी राखेको छ । अहिले तिनै जलेर नष्ट भएको कालो भवनको परिसरमा पालमुनिबाट न्याय सम्पादनका काम भइरहेका छन्। संरचना नष्ट भएको प्रताडना त छँदैछ, मुलुकको विषम स्थितिमा पनि अन्तिम आशाको केन्द्र मानिने न्यायालय अहिले धम्की, डर र त्रास खेपिरहेको छ । प्रधानन्यायाधीशलगायत न्यायाधीशहरु सार्वजनिक रुपमै यस्ता धम्कीहरुबारे पीडा व्यक्त गर्न विवश हुनुभएको छ।

सामाजिक सञ्जाल फेसबुक, टिकटक, युट्युबलगायतमा अहिले सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालतका न्यायाधीशहरूमाथि आक्षेप लगाउने, मानमर्दन गरिएका तस्बीर समावेश गरी आरोप लगाउँदै खुलेआम गालीगलौज गरिएको देख्न देखिन्छ । जेन्जी आन्दोलनको जगमा बनेको वर्तमान सरकारको सिफारिसमा विघटित प्रतिनिधिसिभा पुनःस्थापनाको मागलगायतका रिटहरु पनि सर्वोच्च अदालतमा विचाराधीन छन् । यस विषयमा सामाजिक सञ्जालमा अनेक टीकाटिप्पणी भइरहेका छन् । तर अदालतमा सु‌नुवाइ हुन बाँकी छ। यस्तो संवैधानिक विवादका गम्भीर मुद्दाको सुनुवाइ नै हुन नपाई न्यायाधीशलाई त्रासमा राखेर न्याय सम्पादनमा असर पु¥याउन खोज्नु लोकतन्त्र र देशलाई कमजोर बनाउन खोज्नु हो।

‘तिमी आदेश–फैसला गर त, हामी देखाइ दिन्छौँ भन्ने धम्की आउँछ’

प्रधानन्यायाधीश प्रकाशमान सिंह राउतले सामाजिक सञ्जालको दुरुपयोग गरी न्यायाधीशलाई मुद्दाको विषयमा असर पर्ने गरी डर, त्रास र धम्की दिने गरेको पछिल्ला दिनमा आयोजना गरिएका सम्पादक तथा पत्रकार भेटघाटमा सुनाउनुभएको छ । ‘तिमी आदेश गर त, तिमी फैसला गर त, हामी देखाइदिन्छौँ,’ प्रधानन्यायाधीश राउतले भन्नुभयो, ‘हामी खोजी–खोजी मार्छौं भन्ने धम्की आउँछ।’

न्यायालय भनेको न्यायाधीशका लागि मात्र नभई समग्र न्यायका उपभोक्ता नागरिकका समेत असर पार्ने विषय हो। ‘सबैभन्दा डरलाग्दो के छ भने घृणा र द्वेष फैलाउने, दुष्प्रचार गर्ने, एआई जेनेरेटेड सामग्री अदालतको अगाडिको साइनबोर्ड देखाएर यो भ्रष्टाचारको अखडा हो भनिएको छ,’ प्रधानन्यायाधीश राउतले भन्नुभयो, ‘यसरी दुष्प्रचार गरिएको छ, मिडिया ट्रायल गर्ने काम भइरहेको छ, यति हुँदा पनि हामी विचलित भएका छैनौँ, संयमता अपनाएका छौँ।’

उहाँले न्यायालय र न्यायमूर्तिविरुद्ध सामाजिक सञ्जालमार्फत भइरहेको अस्वस्थ प्रहारले न्याय सम्पादनमा समेत असर परिरहेको सुनाउनुभयो । प्रधानन्यायाधीश राउतले थप्नुभयो, ‘अदालतविरुद्ध घृणा फैलाउने हो भने अराजक अभिव्यक्तिहरुलाई प्रसय दिने हो भने फेरि न्याय सम्पादनका काम कष्टकर हुन्छ, यसको असर सेवाग्राहीमा मात्रै होइन, समग्र नागरिकको हकमै पर्छ।’

अदालतमाथि शृंखलाबद्ध प्रहारले अदालतलाई कमजोर बनाउने काम भएको छ उल्लेख गर्दै उहाँले थप्नुभयो, ‘न्यायाधीश डरायो भने राज्यको चौथो अङ्ग पनि सुरक्षित हँ‌ुदैन, प्रेस स्वतन्त्रता र सम्मानमा कहालिलाग्दो दिन आउन सक्छ, न्यायालय बलियो हुँदा नागरिकलाई ढुक्क हुने अवस्था हुन्छ।’ उहाँका यी भनाइहरु वास्तविकताको धरातलसँग मेल खान्छन्।

न्यायालयमा सुधार गर्नुपर्ने विषयहरु लामो समयदेखि उठ्दै नआएका भने होइनन् । सुधार आफैँमा निरन्तर प्रक्रिया हो । तत्कालीन न्यायाधीश हरिकृष्ण कार्की नेतृत्वको कार्यदलको प्रतिवेदनले पनि न्यायालयमा सुधार गर्नुपर्ने विषयहरु प्रस्ट रुपमा देखाएको छ । ‘हामी सच्चिनुपर्ने ठाउँमा सच्चिन पनि तयार छौँ,’ प्रधानन्यायाधीश राउतले जोड्नुभयो, ‘हामी हाम्रै कमीकमजारीका कारणले त समस्यामा परेका छैनौँ, निर्मम समीक्षा गरिरहेका छौँ।’

नियतवश अदालत र न्यायाधीशको हुर्मत लिने छुट पनि कसैलाई नभएको उहाँको भनाइ छ। लोकतान्त्रिक अभ्यास भएको मुलुकमा न्यायालयका नेतृत्वकर्ताका यी प्रतिबद्धता व्यवहार कार्यान्वयन नभए त्यसमा तर्कपूर्ण र न्यायिक रुपमा प्रश्न र सुझाव दिने प्रशस्तै अवसर पनि रहेकै हुन्छन् । लोकतन्त्र, खुल्ला समाज र बहुलवादमा संविधानप्रदत्त अधिकारको भरपुर उपयोग हुँदै आएकै छ। अतिरञ्जना नगरी स्वस्थकर आलोचना न्यायालयले स्वीकार्दै पनि आएको छ।

आन्दोलनका क्रममा सर्वोच्च अदालतसहित २३ वटा अदालतमा क्षति भए पनि न्याय सम्पादनका काममा नियमितता दिनु न्यायालयको दायित्व हो। अदालतहरूमा तोडफोड, आगजनी तथा लुटपाटका घटनाको थप तथ्यहरु पनि समयक्रममा बाहिर आउने नै छन् । प्रभावित भएकामध्ये १० वटा अदालत पूर्ण रूपमा क्षतिग्रस्त भएका थिए। नौवटा अदालतमा आंशिक र चार अदालतमा सामान्य क्षति पुगेको थियो। देशभर करिब ३९ हजार ७ सय ४५ थान चालु मिसिल र नौ लाख नौ हजार ५ सय ३४ थान अभिलेख मिसिल नष्ट भए पनि आफ्नो जिम्मेवारीबाट न्यायालय पछि हटेको देखिँदैन।

सर्वोच्च अदालतका प्रवक्ता निराजन पाण्डेका अनुसार यही पुस २१ गतेसम्म सेवाग्राही संस्था, महान्यायाधिवक्ताको कार्यालयबाट गरी हालसम्म जेलका मुद्दाहरुमध्ये १० हजार ३ सय ४० मुद्दाका मिसिल तयार भएको छ । सर्वोच्च अदालतले जलेका मिसिलहरु महान्यायाधिवक्ता कार्यालय, नेपाल बार एसोसिएसन र सम्बन्धित मुद्दाका पक्षहरुसँग मिसिल उपलब्ध गराउन पटक पटक आग्रह गरिसकेको छ।

‘अस्त्रविहीन थलोमाथि अस्त्रकै प्रहार’

नागरिकलाई कुनै कुराबाट अन्याय परेको अवस्थामा न्यायका लागि आउने निकाय न्यायापलिका हो । कानून, तथ्य र प्रमाणका आधार हेरेर न्याय–अन्याय छुट्याउने निकाय यही हो । ‘न्यायापालिका अस्त्रविहीन निकाय हो, हामीमाथि अस्त्रको रुपमा कुनै माध्यमको प्रयोग भइरहेको छ।’ सर्वोच्च अदालतका वरिष्ठतम् न्यायाधीश सपना प्रधान मल्लले आफ्नो भोगाइ सुनाउँदै भन्नहुन्छ, ‘न्यायालयमा पनि सुधार गर्नुपर्ने विषय होलान्, सुधार गर्दै पनि जानुपर्छ, तर अतिरञ्जना देश अस्थिर, जटिल र तरलतातर्फ गइरहेको अवस्थामा स्थिरता दिनुपर्ने जरुरी न्यायालयको काधमा जिम्मेवारी पनि भएको उल्लेख गर्दै उहाँले थप्नुभयो, ‘देशलाई अस्थिर, जटिल न्यायालयको जनआस्था र विश्वासिलो बनाउन जरुरी भएको छ।’

न्यायालयप्रतिको मिथ्या सूचना, धम्की र चरित्र हत्या रोक्न बारको भूमिका

नेपाल बार एसोसिएसनको यही पुस १६ गते बसेको पूर्व पदाधिकारीसहितको केन्द्रीय कार्यसमिति बैठकले जारी गरेको १४ बुँदे सुझावमा प्रविधिको दुरुपयोग गरी भ्रामक र मिथ्या सूचनाहरु एवम् घृणाभावले भरिएका अभिव्यक्तिहरु, धम्की, चरित्र हत्या र दुष्प्रचार प्रकाशन तथा प्रशारण रोक्न आग्रह गरिएको छ।

बारका महासचिव केदारप्रसाद कोइरालाका अनुसार केही समयदेखि अदालत, न्यायाधीश र कानून व्यवसायीहरुप्रति लक्षित सामाजिक सञ्जालका पेजहरु र विभिन्न प्रकारका सञ्चारमाध्यममार्फत सूचना प्रविधिको दुरुपयोग गरी भ्रामक, मिथ्या सूचनाहरु एवम् घृणाले भरिएका अभिव्यक्तिहरु, धम्की, चरित्र हत्या र दुष्प्रचार प्रकाशन तथा प्रशारणको कार्य भईरहेकोप्रति बारले गम्भीरतापूर्वक लिएर आपत्ति जनाएको छ । बारले अदालतप्रति तथ्यहिन अनावश्यक टिप्पणी र अतिरञ्जन पूर्ण अभिव्यक्तिहरु एवम् प्रमाणविहीन आरोपलाई स्वयम् सूचना लिई शिघ्र कानूनको शासनको प्रत्याभूति दिलाउन सम्बन्धित सम्पूर्ण निकाय समक्ष समेत गरेको छ।

न्यायाधीशमाथि डर, त्रास र धम्कीबारे साइबर ब्यूरोको अध्ययन

नेपाल प्रहरीको साइबर ब्यूरोका प्रवक्ता एवं प्रहरी उपरीक्षक दीपकराज अवस्थीले सामाजिक सञ्जालबाट न्यायालयमा न्याय सम्पादन गर्ने न्यायाधीशहरुमाथि गरेको अनर्गल प्रचार, डर, धम्की दिने व्यक्तिहरुका बारेमा अध्ययन गरिरहेको बताउनुभयो। ‘प्रधानन्यायाधीश स्वयम्ले आफूहरुलाई धम्की, डर र त्रास देखाएर काममा गर्न कठिन भएको विषय राख्नुभएको छ, त्यो अत्यन्तै गम्भीर विषय हो, हामीले गम्भीरतापूर्वक लिएका छौँ,’ प्रवक्ता अवस्थीले भन्नुभयो, ‘सर्वोच्च अदालतबाट कहाँ–कहाँबाट यस्ता विषयहरु आएका छन् भनेर पत्र नै आएको छ, त्यसका आधारमा अध्ययन गरिरहेका छौँ।’ सामाजिक सञ्जालमार्फत हुने यस्ता क्रियाकलापलाई विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ अन्तर्गत कारबाही गरिन्छ । ऐनको दफा ४७ मा ‘विद्युतीय स्वरूपमा गैरकानूनी कुरा प्रकाशन गर्ने’ भन्ने व्यवस्था छ। इन्टरनेटका माध्यमबाट सार्वजनिक नैतिकता, शिष्टताविरुद्ध कसैप्रति घृणा वा द्वेष फैलाउनेलाई कानूनी कारबाही गरिन्छ । त्यस्ता व्यक्तिलाई रु एक लाखसम्म जरिवाना वा पाँच वर्षसम्म कैद वा दुवै सजाय हुने व्यवस्था छ।

न्यायाधीश समाजको ऐक्यबद्धता

न्यायाधीश समाज नेपालले न्यायपालिकाप्रतिको तथ्यहीन, हल्का र प्रतिशोधपूर्ण आलोचनामा नगर्न आह्वान गरेको छ । समाजले न्यायका सरोकारवाला निकायसँग संवाद गरी न्याय प्रणालीको प्रभावकारिता थप वृद्धिका लागि उपायहरुको खोज गर्न न्यायपालिकीय व्यवस्थापनसँग आह्वान गरेको छ। ‘न्यायपालिका र न्यायकर्मीप्रति आलोचना नै गर्न नपाइने भन्ने होइन तर त्यस्तो आलोचना पनि न्यायिक स्वतन्त्रताको प्रवद्र्धनकै लागि हुनुपर्ने हुन्छ।’ न्यायाधीश समाजको महासचिव एवं उच्च अदालत, जनकपुरका कामु मुख्य न्यायाधीश टेकनारायण कुँवले भन्नुभयो, ‘यदि आलोचना गर्ने हो भने न्यायाधीशले अपनाएको प्रक्रिया र निर्णयमा दिइएको कारणमा आधारित हुनुपर्छ, आलोचना स्वस्थ र तथ्ययुक्त पनि हुनुपर्छ।’

समाजको पूर्वाग्रह र प्रतिशोधको भावनाबाट प्रेरित आलोचनाले स्वच्छ र निष्पक्ष ढङ्गबाट न्याय सम्पादनमा मद्दत पुग्ने नभई न्यायकर्मीहरुमा अनुचित प्रभाव र दबाब बढ्न जाने भई न्याय सम्पादनको कार्यमा थप विलम्ब र अनिश्चितता बढ्न जाने कुरालाई बिर्सन नहुने स्पष्ट धारणा राखेको छ।

सामाजिक सञ्जालमा आएका धम्की र आरोपहरुप्रति कतिपय न्यायाधीशले सामाजिक सञ्जालबाटै आफ्नो धारणा पनि सार्वजनिक गर्नुभएको छ । सर्वोच्च अदालतका न्यायाधीश तिलप्रसाद श्रेष्ठले आफूप्रति गलत प्रचार गरिएपछि सामाजिक सञ्जाल फेसबुकमा लेख्नुभएको छ, ‘मेरो सम्बन्धमा फेसबुकमा आएका विषयलाई सूचना मानी सम्बन्धित निकायबाट छानबिन होस्, म पूरा सहयोग गर्न तयार छु, कृपया छानबिनको नतिजा पनि आइदेओस्, गल्ती भएको देखिए जुनसुकै सजाय भोग्न पनि तयार छु।’

सामाजिक सञ्जालमा सङ्गठित रुपमा अदालतको मानमर्दनमा गर्न खोज्नु भनेको न्यायाधीशलाई असुरक्षित महसुस गराउने प्रयास गरी कानून र विधिको शासनमाथि चुनौती खडा गर्नु हो। न्यायाधीशमाथिको प्रहार गर्ने कुत्सित प्रयासलाई कानूनी उपचारका साथै न्यायमूर्तिहरुले सही न्याय सम्पादनबाट पनि चिर्नुपर्छ । जनता र राज्यको अन्तिम आशाको धरोहर न्यायालयमा भएका कमीकमजोरीलाई सच्याउनुपर्छ तर तथ्यहीन दुष्प्रचार हुनु हुँदैन। रासस

# २७ देखि ४६ वर्ष उमेर समूहका व्यक्तिको औसत आम्दानी

नेपालमा २७ देखि ४६ वर्ष उमेर समूहका व्यक्तिको औसत खर्चभन्दा आम्दानी बढी देखिएको छ। राष्ट्रिय तथ्याङ्क कार्यालयले आज सार्वजनिक गरेको ‘नेसलन ट्रान्सफर एकाउन्ट’ प्रतिवेदनले २७ वर्षभन्दा कम र ४६ वर्षभन्दा माथिको उमेर समूहको आम्दानीभन्दा उपभोग बढी रहेकाले जीवन चक्रीय अभाव (लाइफ साइकल डेफिसिट) रहेको देखाएको हो।

प्रतिवेदन सार्वजनिक गर्दै अर्थमन्त्री रामेश्वरप्रसाद खनालले यो प्रतिवेदनले मान्छेको व्यक्तिगत जीवनमा कुन–कुन उमेरमा आम्दानी र खर्चको अवस्था कस्तो छ भनेर बुझ्न मद्दत पुग्ने बताउनुभयो । सामाजिक सुरक्षाका कार्यक्रमको प्रभावकारी कार्यान्वयन, औद्योगिकलगायतका नीति निर्माण तथा रोजगारी सिर्जनाका कार्यक्रम तयार पार्न यी तथ्याङ्क महत्वपूर्ण हुने उहाँले बताउनुभयो। ‘तथ्याङ्क भएन भने हामीले असल नीति बनाउन सक्दैनौँ।

नेसनल ट्रान्सफर एकाउन्ट र गरिबीको लघुक्षेत्र अनुमान प्रतिवेदनले हामीलाई कस्ता नीति र योजना बनाउनु पर्छ भन्ने देखाउँछ,’ उहाँले भन्नुभयो, ‘यस्ता तथ्याङ्क हामी आफैँले तयार पार्नुपर्छ । सरकारकै बजेटबाट अध्ययन गरेर विश्वसनीय तथ्याङ्क राख्ने र यसले नीतिगत सुधार तथा विकास योजना तयार गर्दा महत्वपूर्ण भूमिका खेल्छन्।’

कार्यक्रममा राष्ट्रिय तथ्याङ्क कार्यालयका प्रमुख तथ्याङ्क अधिकारी कमलप्रसाद पोख्रेलले नेसनल ट्रान्सफर एकाउन्ट प्रतिवेदन नेपालमा पहिलो पटक तयार पारिएको र यसले विभिन्न उमेर समूहका व्यक्तिको आय, उपभोग, बचत र स्रोतको हस्तान्तरण कसरी भइरहेको छ भनेर हेरिएको बताउनुभयो । गरिबीको लघुक्षेत्र अनुमान प्रतिवेदन सङ्घीयता कार्यान्वयनपछि पहिलोपटक तयार पारिएको हो। यो प्रतिवेदनले सङ्घ, प्रदेश र स्थानीय तहलाई गरिबी लक्षित योजना तथा कार्यक्रम बनाउन सहयोग पुग्ने अपेक्षा उहाँले व्यक्त गर्नुभयो।

नेसनल ट्रान्सफर एकाउन्ट प्रतिवेदनले व्यक्तिको जीवनचक्र खातालाई प्रतिव्यक्ति र कुल संख्याका आधारमा अध्ययन गरेको छ। ‘जनसंख्याको उमेरगत वितरणलाई तीन समूह (बालबालिका तथा युवा ०–२४ वर्ष, काम गर्ने उमेर समूह २५– ६४ वर्ष र वृद्ध जनसंख्या ६५ वर्ष तथा सोभन्दा माथि) मा विभाजन गरी हेर्दा आर्थिक वर्ष २०७८–७९ मा जीवनचक्र घाटा सबैभन्दा कम २५–६४ वर्ष उमेर समूहमा देखिन्छ। यद्यपि यस समूहले पनि बचत पर्याप्त रूपमा गरेको देखिँदैन,’ प्रतिवेदनमा भनिएको छ ।

प्रतिव्यक्ति सबैभन्दा बढी जीवन चक्र घाटा ६५ वर्ष र सोभन्दा माथि उमेर समूहमा रहेको छभने समग्रमा सबैभन्दा बढी घाटा ०–२४ वर्ष उमेर समूहमा देखिन्छ। प्रतिव्यक्ति उपभोग २५– ६४ वर्षमा सबैभन्दा बढी र ०–२४ वर्षमा सबैभन्दा कम देखिएको छ।

उमेरको विन्दुगत उपभोग र श्रमआम्दानीको अवस्था हेर्दा जन्मेदेखि २६ वर्ष उमेरसम्म श्रम आम्दानीभन्दा खर्च बढी देखिएको हुनाले जीवन चक्रीय अभाव देखिन्छ भने २७ वर्ष देखि ४६ वर्षको अवधिमा खर्चभन्दा आम्दानी बढी भएको हुनाले जीवन चक्रीय बचत रहेको देखिन्छ । त्यसैगरी ४७ वर्ष उमेरपछि श्रम आम्दानीभन्दा खर्च बढी भएकाले जीवन चक्रीय घाटा देखिन्छ।

प्रतिवेदनअनुसार नेपालमा व्यक्तिको जीवनचक्रमा करिब २० वर्षको उमेर अवधिमा मात्र औसत रूपमा जीवनचक्र मुनाफा देखिन्छ । बाँकी उमेर अवधिमा जीवनचक्र घाटा देखिने भएकाले सो अवधिको उपभोग सम्पत्तिको पुनर्वितरणमार्फत वा पारिवारिक तथा सार्वजनिक हस्तान्तरणको माध्यमबाट पूरा गर्नुपर्ने अवस्था रहेको प्रतिवेदनमा उल्लेख छ।

सार्वजनिक र निजी उपभोग अलग गरी हेर्दा प्रतिव्यक्ति निजी उपभोग सार्वजनिक उपभोगभन्दा निकै ठूलो देखिएको छ। स्वास्थ्य क्षेत्रमा प्रतिव्यक्ति सार्वजनिक उपभोग योगदानमा निजी उपभोगभन्दा ९०२ एकाइले बढी छ।

सन् २०२१–२२ मा प्रतिव्यक्ति कुल श्रम आम्दानी लगभग ८७ हजार ८ सय १४ रुपैयाँ रहेको छ। कुल श्रम आम्दानीको लगभग ६९ प्रतिशत हिस्सा तलब तथा ज्यालाको छभने लगभग ३१ प्रतिशत हिस्सा स्वरोजगारबाट प्राप्त आम्दानीको रहेको छ । उमेर समूह अनुसार हेर्दा २५ देखि ६४ वर्ष उमेर समूहको तलब तथा ज्यालाबाट प्राप्त आम्दानीको हिस्सा (७१%) सबैभन्दा ठूलो रहेको छ भने ६५ वर्ष र माथिका वृद्ध उमेर समूहमा यो हिस्सा सबैभन्दा कम (३५%) रहेको छ।

यसरी उपभोग र श्रम आम्दानीबीच तुलनात्मक रूपमा ठूलो अन्तर देखिन्छ । देशको कुल उपभोगभन्दा कुल श्रम आम्दानी कम भएकाले ठूलो जीवनचक्र घाटा रहेको प्रतिवेदनमा उल्लेख छ ।

नेपाल श्रमशक्ति सर्वेक्षण सन् २०१७–१८ ले नेपालको बेरोजगारी दर ११ दशमलव चार प्रतिशत देखाउनुले नेपालमा बेरोजगारीका कारण उपभोग र श्रम आयबीच ठूलो खाडल स्थापित भएको छ भन्ने आधार स्पष्ट हुन्छ। अर्थात्, यथोचित रोजगार उपलब्ध नभएको अवस्थामा न्यून तलब र स्वरोजगारको सीमित आम्दानीले गर्दा श्रम आम्दानी आवश्यक आधारभूत उपभोग पूरा गर्न पर्याप्त हुन सकेको छैन।

‘नेपालमा १५ देखि ६४ वर्षका काम गर्न सक्ने उमेर समूह कुल जनसंख्याको ६५ प्रतिशत रहेको छ, जसले आर्थिक वृद्धिका लागि प्रशस्त सम्भावना देखाउँछ । तर यसको प्रभावकारी उपयोगका लागि रणनीतिक नीति हस्तक्षेप आवश्यक छ,’ प्रतिवेदनमा भनिएको छ, ‘श्रम बजारमा श्रम सहभागिता दर ३८ दशमलव पाँच प्रतिशत मात्र छभने युवा बेरोजगारी १२ दशमलव सात प्रतिशत रहेको छ।

बेरोजगारीको यो अवस्थाले नेपालमा सीप विकास र रोजगारी सिर्जना कार्यक्रमको अविलम्ब अभिवृद्धि गर्नुपर्ने आवश्यकता प्रस्तुत गर्दछ।’

प्रतिवेदनअनुसार देशको कुल उपभोगभन्दा श्रम आम्दानी निकै कम छ । काम गर्ने उमेर समूहको हिस्सा बढी भए तापनि सीमित रोजगारी र सीप असमानताले युवा बेरोजगारी बढाइरहेको छ । साथै काम गर्ने उमेर समूहको उल्लेखनीय हिस्सा वैदेशिक रोजगारमा रहेका कारण देशभित्रको आर्थिक क्रियाकलाप अपेक्षित रूपमा फस्टाउन सकेका छैनन्। रासस

# निर्वाचन केन्द्रित हुन एमाले महासचिवको निर्देशन

**काठमाडौँ।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले)का महासचिव शङ्कर पोखरेलले आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनलाई ध्यानमा राखेर पार्टीका जनसङ्गठनहरुलाई सक्रिय हुन निर्देशन दिएका छन्।

एमालेको केन्द्रीय कार्यालयमा शुक्रबार भएको जनसङ्गठन समन्वय संयन्त्रको बैठकमा महासचिव पोखरेलले जनसङ्गठनहरू निर्वाचन अभियानको अग्रपङ्क्तिमा उभिनुपर्ने बताएका हुन्।

संसद् पुनःस्थापनाको मागका साथै निर्वाचनलाई पनि जनाधिकार र प्राप्त उपलब्धिको रक्षाका रुपमा लिइएको उनको भनाइ थियो।

बैठकमा सामाजिक सञ्जालको प्रभावकारी परिचालनमार्फत पार्टीका पक्षमा जनमत निर्माण गर्नुपर्नेमा विशेष जोड दिइएको छ । पार्टीको ‘सर्कुलर’अनुसार सबै जनसङ्गठनहरू परिचालित भई युवासहित विभिन्न वर्ग, समुदाय र पेसागत समूहमा पार्टीको सन्देश सशक्त रूपमा पुर्याउनुपर्ने महासचिव पोखरेलले बताए।

बैठकमा पार्टीका सचिव एवं सङ्गठन विभागका संयोजक भानुभक्त ढकालले जनसङ्गठनलाई थप सक्रिय, अनुशासित र परिणाममुखी रूपमा परिचालन गर्नुपर्ने बताए। रासस

# वनमन्त्रीद्वारा भौतिक मन्त्रालयको पदभार ग्रहण



**काठमाडौँ।**
वन तथा वातावरणमन्त्री माधवप्रसाद चौलागाईंले भौतिक पूर्वाधार तथा यातायातमन्त्रीको पदभार ग्रहण गरेका छन् । सो अवसरमा उनले कर्णाली राजमार्गलाई सडक सुरक्षा र स्तरोन्नतिका लागि आगामी पाइपलाइन परियोजनामा समावेश गर्न एसियाली विकास बैङ्कलाई अनुरोध गर्ने निर्णयमा हस्ताक्षर गरेका हुन्।

साथै उनले जुम्ला र कालीकोटको सिमाना नाग्मस्थित हिमा नदीमा पक्की पुल बनिसकेको अवस्थामा उक्त स्थानमा रहेको बेलिब्रिजलाई जुम्ला जिल्लाको तातोपानी गाउँपालिका–५ स्थित तिला नदीमा तातोपानी गाउँपालिका–४ हाँकु जोड्न स्थानान्तरण गर्ने निर्णय गरे।

मन्त्री चौलागाईंले निर्माण व्यवसायी नियमावली, २०५६ को अनुसूची १३ मा रहेको ‘घ’ वर्गको निर्माण व्यवसायीको योग्यतासम्बन्धी मापदण्ड परिमार्जन गर्न आवश्यक सुझावका लागि मन्त्रालयका सहसचिव सुशीलबाबु ढकालको संयोजकत्वमा पाँच सदस्यीय समिति गठन गर्ने निर्णयमा पनि हस्ताक्षर गरे । तत्कालीन भौतिकमन्त्री कुलमान घिसिङले बुधबार पदबाट राजीनामा दिएपछि प्रधानमन्त्री सुशीला कार्कीले सो मन्त्रालयको जिम्मेवारी वनमन्त्री चौलागाईंलाई तोकेकी थिइन् । रासस

# सबै मन्त्रालयमा ‘जिआइओएमएस’ अनिवार्य : सञ्चारमन्त्री



**काठमाडौँ।**
सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले सबै मन्त्रालयमा एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (जिआइओएमएस) अनिवार्य गराउनेगरी काम गर्न सूचना प्रविधि विभागलाई निर्देशन दिएका छन्।

सञ्चार मन्त्रालयअन्तर्गतको सूचना प्रविधि विभागमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री खरेलले मन्त्रालयको सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउन सबै मन्त्रालय र निकायलाई कागजरहित बनाउनुपर्नेमा जोड दिए।

सञ्चारमन्त्री खरेलले भने, ‘अहिलेकै कार्यकालमा जिआइओएमएसलाई हरेक मन्त्रालयमा अनिवार्य गराउनेगरी काम गर्न आग्रह गर्दछु, यसले सेवा प्रभावकारिता र सुशासन कायम गर्न मद्दत गर्नेछ ।’ उनले सुशासनसहित मुलुकको विकास र आर्थिक समृद्धिका लागि सूचना प्रविधिको महत्वपूर्ण भूमिका रहने भएकाले विभागलाई नीतिगत र संरचनागत सुधार गरिनुपर्नेमा जोड दिए।

हाल अर्थ मन्त्रालय र सञ्चार मन्त्रालयले जिआइओएमएस लागू गरिसकेका छन् । सरकारी निकायबाट सम्पादन हुने कार्यलाई एउटै सूचना प्रविधि प्रणालीमार्फत सरल, सहज, छरितो, मितव्ययी, पारदर्शी र प्रभावकारी सम्पादन गरी कागजरहित बनाउने सरकारको अवधारणालाई कार्यान्वयन गर्न यो प्रणाली सुरु गरिएको जनाइएको छ।

सूचना प्रविधि विभागद्वारा विकास गरिएको यो प्रणाली प्रयोगगरी विद्युतीयमाध्यमबाट तोक आदेश तथा टिप्पणी निर्णय, चिठीपत्रको दर्ता तथा चलानी, हाजिरी, बिदा र काज स्वीकृत, अभिलेख व्यवस्थापनलगायत अनिवार्य रुपमा विद्युतीय हस्ताक्षरको प्रयोग गरी सम्पादन गर्नुपर्ने व्यवस्था गरिएको छ।

सरकारका प्रवक्तासमेत रहेका सञ्चारमन्त्रीमन्त्री खरेलले निर्धारित मितिमा निर्वाचन हुने र त्यसपछि बन्ने संसद् र सरकारमा युवाको वर्चश्व हुने भएकाले मुलुकको सूचना प्रविधि क्षेत्रको विकासका निम्ति महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गरे।

सञ्चार मन्त्रालयका सचिव राधिका अर्यालले विभागको कामलाई बढी प्रविधिमैत्री एवं सेवालाई चुस्त र प्रभावकारी बनाउन आग्रह गरे । सूचना प्रविधि विभागका महानिर्देशक श्री चन्द्र साहले विभागलाई नीतिगत र संरचनागत सुधार गरी सेवालाई प्रविधिमैत्री बनाइने विश्वास व्यक्त गरे। रासस

# चलचित्रकर्मीको हितमा काम गरिरहेका छौँः मन्त्री खरेल

**काठमाडौँ।**
सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले सरकारले नेपाली चलचित्रकर्मीको हितलाई केन्द्रमा राखी काम गरिरहेको बताएका छन् । शुक्रबार चाबहिलस्थित चलचित्र विकास बोर्डद्वारा आयोजित ‘चलचित्र क्षेत्रको आगामी कार्यदिशा’ विषयक अन्तरक्रिया कार्यक्रममा उनले चलचित्रकर्मीले उठाएका समस्यालाई सक्दो समाधान गर्नेतर्फ आफू र मन्त्रालयले काम गरिरहेको उल्लेख गरे।

मन्त्री खरेलले भने, ‘चलचित्रकर्मीले पहिचान गर्नुभएका समस्या र प्राप्त सुझावलाई हामीले सुन्ने मात्र नभई कार्यान्वयनमा लगेका छौँ । राष्ट्रियसभामा प्रस्ताव गरिएको चलचित्रसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक चलचित्रकर्मीले चाहेअनुसारको ऐन हो । सचिवसहित मन्त्रालयका प्रतिनिधिको सहभागितामा १० दिन लगाएर सम्पूर्ण दफामाथि छलफल गरेका छौँ।’

उनले आगामी बन्ने ऐनपश्चात् चलचित्र विकास बोर्ड स्वायत्त निकाय बन्ने जानकारी दिए । चलचित्रकर्मीको मागअनुसार बोर्डको अध्यक्षको कार्यकाल चार वर्षको हुने प्रावधान चलचित्र विधेयकमा राखिएको मन्त्री खरेलले बताए । मन्त्रालयले चलचित्रकर्मीको हितलाई केन्द्रमा राखी समस्या समाधानका लागि काम हो । त्यसैले सहजताका लागि हदैसम्मको लचकता अपनाएर चलचित्र विधेयकमा छलफल गरेका छौँ । चलचित्र जाँचसम्बन्धी बनेको नयाँ कार्यविधिले चलचित्रकर्मीलाई अप्ठ्यारो पर्ने भएपछि मन्त्रालयका विज्ञ र चलचत्रकर्मी राखेर गरिएको छलफलपश्चात् तयार भएको कार्यविधि अब कार्यान्वयन हुनेछ। हामीलाई प्राप्त अधिकारको उच्चतम प्रयोग गरी सुधारका पक्षमा काम गरिरहेका छौँ मन्त्री खरेलले बताए।

उनले अहिले छलफलमा रहेको चलचित्र विधेयक राष्ट्रियसभाबाट प्रमाणीकरण भएर ऐन बनेपछि केन्द्रीय चलचित्र जाँच समिति (सेन्सर बोर्ड) को नाम परिवर्तन भएर प्रमाणीकरण समिति हुने र त्यसको अध्यक्षका रूपमा चलचित्र विज्ञ रहने जानकारी दिए । प्रमाणीकरण समिति भएपछि त्यहाँ चलचित्र क्षेत्रकै विज्ञले अध्यक्षता गर्नुहुन्छ र त्यहाँ रहने सदस्यमा चलचित्रकर्मीकै बहुमत हुन्छ। अहिले जस्तो मन्त्रालयका व्यक्तिले अध्यक्षता गर्नुहुँदैन । रष्ट्रियसभाले पारित गरी कानुन बनेर कार्यान्वयनमा आएपछि निर्वाचित भएर प्रतिनिधिसभामा आउने सांसदले त्यसलाई पारित गर्नुहुनेछ भन्ने विश्वास छ । नयाँ बन्ने ऐनले चलचित्र क्षेत्रका समस्यालाई न्यूनीकरण गर्नुका साथै ऊर्जा थप्नेमा विश्वस्त छु मन्त्री खरेलले बताए।

कार्यक्रममा कलाकार सुनिल थापालाई विशिष्ट चलचित्रकर्मीको परिचयपत्र प्रदान गरिएको थियो । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव राधिका अर्यालले बोर्डमार्फत चलचित्रकर्मीको समस्या र सुझावलाई मन्त्रालयले मूल्याङ्कलन गरी आवश्यकता अनुसार कार्यन्वयन गर्दै आएको बताए । हामीले प्रस्तावित चलचित्र विधेयकमा छलफल गरेका छौँ। सोही कारण अब बन्ने ऐन आगामी २०–२५ वर्षसम्मका लागि चलचित्रकर्मीको हितमा रहनेछ भन्ने हाम्रो विश्वास छ । त्यसमा आवश्यक संशोधन गर्दै अगाडि बड्ने छौँ । हामीले विधेयक प्रविधिमैत्री होस् भनेर छलफल गरेका छौँ सचिव अर्यालले बताए।

सरकारले चलचित्र प्रशिक्षण केन्द्रको स्थापना गरेर चलचित्रमा लाग्न चाहनेलाई सिक्ने अवसर प्रदान गर्ने उनले जानकारी दिए। चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डिसीले चलचित्रकर्मीको आवश्यकतालाई मध्यनजर गर्दै बोर्डले प्रशिक्षणलाई लक्षित गर्दै ११ वटा कार्यक्रम आयोजना गर्ने तयारी गरिरहेको जानकारी दिए।

उक्त कार्यक्रममा बोर्डका पूर्वअध्यक्ष कृष्ण मल्ल, निर्देशक आकाश अधिकारी, पुर्नेन्दु झा, लक्ष्मण सुवेदी, कलाकार मोहन निरौला, रवीन्द्रसिंह बानियाँ, नाजिर हुसेन लगायतको उपस्थिति थियो। रासस

# प्लास्टिक बिक्री वितरण नगर्न निर्देशन

**काठमाडौँ।**
वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले प्लास्टिक तथा प्लास्टिकजन्य वस्तुको बिक्री वितरणमा कडाइ गर्ने भएको छ । विभागले विभिन्न १९ वटा प्लास्टिक उद्योग तथा पसलहरूमा एकैपटक अनुमगन गरी ४० माइक्रोनभन्दा कमका प्लास्टिक अब आइन्दा बिक्री वितरण नगर्न निर्देशन दिएको छ । विभागले त्यसका अलावा अन्य सुधारात्मक निर्देशनसमेत दिएको छ।

उपभोक्ता संरक्षण ऐन, ०७५ तथा उपभोक्ता संरक्षण नियमावली, २०७६ बमोजिम आवश्यक निर्देशन एवं कारबाही गरिएको उल्लेख गरेको छ । विभागले निरुज प्लास्टिक उद्योग, एमएन प्लास्टिक उद्योग, नेसनल प्लास्टिक इन्डस्ट्रिज, कुँवर फर्निचर उद्योग, दीक्षा स्टोरलाई आवश्यक निर्देशन दिएको छ।

यस्तै, पशुपतिनाथ इन्टरप्राइजेज, युनिभर्सल ट्रेडर्सलगायतका प्लास्टिक उद्योग, पसल तथा आयातकर्तालाई ४० माइक्रोनभन्दा कमका प्लास्टिक झोलाको बिक्री वितरण नगर्न नगराउन आवश्यक निर्देशन दिएको छ।

वातावरण संरक्षण गर्ने हुतुले त्यस्तो निर्देशन दिइएको विभगाले प्रष्ट पारेको छ। रासस

# सरकारमा बस्नेलाई दलप्रति ढल्कने छुट छैनः गृहमन्त्री

**काठमाडौँ।**
गृहमन्त्री ओमप्रकाश अर्यालले वर्तमान सरकारमा बस्ने मन्त्रीहरुलाई कुनै दलप्रति ढल्कने छुट नभएको बताएका छन् । गृह मन्त्रालय र बागमती प्रदेश आन्तरिक मामिला तथा कानून मन्त्रालयद्वारा संयुक्त रुपमा आयोजना भइरहेको बागमती प्रदेशस्तरीय सुरक्षा गोष्ठीमा मन्त्री अर्यालले वर्तमान सरकारको ‘म्यान्डेट’ तोकिएको मितिमा निर्वाचन सम्पन्न गर्नु रहेको बताए।



सरकार निर्वाचनमा होमिइसकेकाले तोकिएको मितिमा नै निर्वाचन हुनेमा शङ्का नगर्न सम्बन्धित सबै पक्षलाई उनले आग्रह गरे। जेन्जी आन्दोलन सुशासन कायमका लागि भएको उल्लेख गर्दै मन्त्री अर्यालले सुशासन कायम राख्न सरकार कटिबद्ध भएको बताए। तोकिएको मितिमा निर्वाचन नभएमा देशले सङ्कट सामना गर्नुपर्ने अवस्था आउनसक्ने बताउँदै मन्त्री अर्यालले सरकारले तोकिएकै मितिमा निर्वाचन सम्पन्न गर्ने र सरकारले गरिरहेका काम सम्बन्धमा हौसला प्रदान गरी सरकारको मनोबल बढाइदिन सम्बन्धित सबैपक्षलाई आग्रह गरे।

कार्यक्रममा बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले सरकारमा रहेका मन्त्रीहरुका गतिविधिले निर्वाचनको वातावरण बिगार्नसक्नेतर्फ सचेत गराउँदै स्वच्छ, निष्पक्ष र भयरहीत वातावरणमा निर्वाचन सम्पन्न गर्न सुरक्षा निकायलाई साधनस्रोत सम्पन्न बनाउनुपर्ने विषयमा जोड दिए । कृतिम बौद्धिकता, इन्टरनेट लगायतको प्रयोगबाट हुनसक्ने भ्रामक समाचार सम्प्रेषण र आसन्न निर्वाचनमा तिनको असरबारे सचेत रहन गृह मन्त्रालय र सुरक्षा निकायलाई उनले सचेत गराए। रासस

# नकारात्मक सन्देशलाई रोकिने : निर्वाचन आयोग

**काठमाडौँ।**
निर्वाचन आयोगले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा सामाजिक सञ्जालबाट प्रवाह हुनसक्ने नकारात्मक सन्देश र गतिविधिलाई नियन्त्रण गरिने जनाएको छ । आयोगले शुक्रबार पत्रकार सम्मेलन आयोजना गरी निर्वाचनमा सामाजिक सञ्जालबाट प्रवाह हुनसक्ने गलत, भ्रामक र नकारात्मक क्रियाकलापको निगरानी गर्ने जनएको हो।



सामाजिक सञ्जाल मार्फत प्रवाह हुनसक्ने मिथ्या सूचना, दुष्प्रचार, घृणाष्पद अभिव्यक्ति, अपव्याख्या, डिप फेक (गहिरो भ्रम) झुटो साइट वा एकाउन्ट, निन्दा वा मानहानीलगायत विषयमाथि अनुगमन गरी गैरकानुनी कार्यलाई कानुनबमोजिम दण्डित गरिने प्रवक्ता नारायणप्रसाद भट्टराईले बताए। यसका लागि नियामक निकायसँग सहकार्य गर्ने नीति लिइएको उनले जानकारी दिए। यसै हप्ता सामाजिक सञ्जाल प्लेटफर्म सञ्चालक मेटा तथा टिकटकका प्रतिनिधिसँग संवाद भएको आयोगले जनाएको छ । यसका लागि मेटा, टिकटक र एक्स (ट्वीटर) लाई पत्राचार गरिएको छ । आयोगमा सूचना सम्प्रेषण तथा समन्वय केन्द्रअन्तर्गत रहेर काम गर्नेगरी सूचना सदाचार प्रवद्र्धन एकाईले कार्य प्रारम्भ गरेको आयोगले जनाएको छ। सामाजिक सञ्जाल अनुगमन सफ्टवेयरलाई प्रयोगमा ल्याइएको प्रवक्ता भट्टराईले जानकारी दिए । आयोगले फागुन २१ गतेको प्रतिनिधिसभा सदस्य निर्वाचनलाई सफल बनाउन यो हप्ता प्रदेश सरकार र स्थानीय तहसँग समन्वय बैठक पनि सम्पन्न गरेको छ। यसैगरी आचारसंहिता अनुगमन समितिको बैठक यो हप्ता गरेर थप काम अघि बढाइएको छ। समानुपातिक निर्वाचन प्रणालीतर्फ प्राप्त बन्द सूची रुजु गरी सम्बन्धित दललाई पत्राचार गरिएको छ । मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतहरुका लागि पुस २८ र २९ गते काठमाडौँ, चितवन, विराटनगर र नेपालगञ्जमा अभिमुखीकरण तालिम सञ्चालन हुने भएको छ । तालिमका लागि मुख्य प्रशिक्षकहरु तयार गर्न प्रशिक्षक प्रशिक्षण सम्पन्न गरिएको आयोगले पत्रकार सम्मेलनमा जानकारी गराएको छ।

आयोगले न्याय परिषद्को परामर्शमा ७७ जना जिल्ला न्यायधीशलाई मुख्य निर्वाचन अधिकृत पदमा नियुक्त गरेको छ । यसैगरी न्याय सेवा आयोगको परामर्शमा ८८ जना न्याय सेवाका राजपत्राङ्ीकत द्वितीय श्रेणीका अधिकृतलाई शुक्रबारदेखि लागू हुने गरी निर्वाचन अधिकृत पदमा नियुक्ति गरेको छ।

मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतले पुस २८ र २९ गतेको अभिमुखीकरणमा भाग लिई माघ २ गतेदेखि आ–आफ्नो निर्वाचन क्षेत्रमा कार्यालय स्थापना गरी काम सुरु गर्ने कार्यक्रम रहेको छ । यसैबीच, आयोगले नमूना मतपत्र छपाइ सम्पन्न गरेको छ। प्रत्यक्ष र समानुपातिकतर्फ गरी १० लाख नमूना मतपत्र छपाइ सम्पन्न गरिएको हो । मतदाता नामावली र समानुपातिक निर्वाचन प्रणालीतर्फको मतपत्र छपाइ सुरु गरिएको छ। रासस

# देशको आर्थिक स्थितिः विप्रेषण र मुद्रा सञ्चिति बढ्यो

**काठमाडौँ।**
नेपाल राष्ट्र बैंकले देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदन सार्वजनिक गरेको छ । केन्द्रीय बैंकका अनुसार चालु आर्थिक वर्ष २०८२/८३ को मङ्सिर मसान्तसम्ममा चालु खाता र शोधनान्तर बचतमा देखिएको छ भने विप्रेषण र मुद्रा सञ्चिति पनि उल्लेख्य रुपमा बढेको छ । अर्थतन्त्रका बाह्य सूचक सुविधाजनक अवस्थामा रहँदा राजस्व सङ्कलन, बजेट खर्च तथा कर्जा विस्तार भने कमजोर देखिएको छ । प्रतिवेदनअनुसार वार्षिक विन्दुगत आधारमा उपभोक्ता मूल्य सूचकाङ्कमा आधारित मुद्रास्फीति एक दशमलव ६३ प्रतिशत रहेको छ। त्यस्तै यो अवधिसम्ममा कूल विदेशी विनिमय सञ्चिति रु ३२ खर्ब एक अर्ब ४७ करोड रहेको छ। अमेरिकी डलरमा उक्त सञ्चिति २२ अर्ब १३ करोड पुगेको छ । यस्तो सञ्चितिले १८ दशमलव २ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको राष्ट्र बैंकले जनाएको छ । समीक्षा अवधिमा चालु खाता रु तीन खर्ब ५८ अर्ब ८३ करोड र शोधनान्तर स्थिति रु चार खर्ब २१ अर्ब ८९ करोड बचतमा रहेको छ। पछिल्लो पाँच महिनामा विप्रेषण आप्रवाह नेपाली रुपैयाँमा ३५ दशमलव छ प्रतिशतले र अमेरिकी डलरमा २९ प्रतिशतले बढेको छ। चालु आर्थिक वर्षको मङ्सिर महिनासम्मको कूल विप्रेषण आप्रवाह रू आठ खर्ब ७० अर्ब ३१ करोड पुगेको छ भने मङ्सिर महिनामा मात्र रु एक खर्ब ८३ अर्ब १८ करोड विप्रेषण भित्रिएको छ।

केन्द्रीय बैंकका अनुसार पछिल्लो पाँच महिनामा निर्यात ५८ दशमलव दुई प्रतिशतले र आयात १५ दशमलव ८ प्रतिशतले बढेको छ । यो अवधिमा नेपाल सरकारको खर्च रु पाँच खर्ब ६४ अर्ब ४६ करोड र राजस्व परिचालन रु चार खर्ब छ अर्ब ३० करोड रहेको छ । विस्तृत मुद्राप्रदाय तीन दशमलव सात प्रतिशतले बढेको छ । वार्षिक विन्दुगत आधारमा यस्तो मुद्राप्रदाय १२ दशमलव ९ प्रतिशतले बढेको हो।

प्रतिवेदनअनुसार बैंक तथा वित्तीय संस्थाको निक्षेप परिचालन तीन दशमलव नौ प्रतिशत र निजी क्षेत्रमा प्रवाहित कर्जा एक दशमलव नौ प्रतिशतले बढेको छ । वार्षिक विन्दुगत आधारमा निक्षेपको वृद्धिदर १३ दशमलव ९ प्रतिशत र निजी क्षेत्रमा प्रवाहित कर्जाको वृद्धिदर छ दशमलव छ प्रतिशत रहेको छ । त्यसैगरी, बैंक तथा वित्तीय संस्थाबीचको भारित औसत अन्तर बैंक दर दुई दशमलव ७४ प्रतिशत र ९१ दिन अवधि भएको ट्रेजरी बिलको भारित औसत ब्याजदर दुई दशमलव ३७ प्रतिशत रहेको छ । वाणिज्य बैंकहरूको निक्षेपको भारित औसत ब्याजदर तीन दशमलव ६६ प्रतिशत र कर्जाको भारित औसत ब्याजदर सात दशमलव २६ प्रतिशत रहेको छ। रासस

# इन्टरनेट बन्दबीच इरानमा उग्र प्रदर्शन

**इरान।**
इरान सरकारले इन्टरनेट तथा अन्तर्राष्ट्रिय टेलिफोन सेवा पूर्ण रूपमा बन्द गरेपनि शुक्रबार राजधानी तेहरानसहित विभिन्न सहरमा व्यापक विरोध प्रदर्शन भएका छन्। निर्वासित युवराज रेजा पहलवीले प्रदर्शनका लागि आह्वान गरेपछि प्रदर्शनकारीहरू सडकमा उत्रिएका हुन्।



तेहरान र अन्य सहरका सडकहरूमा प्रदर्शनपछि भग्नावशेष छरिएका देखिएका छन्।

कार्यकर्ताहरूले बाहिर पठाएका छोटा अनलाइन भिडियोहरूमा प्रदर्शनकारीहरूले आगो बाल्दै इरानको ईश्वरतान्त्रिक शासनविरुद्ध नारा लगाएको देखिन्छ। लामो समय मौन बसेको इरानी राज्य टेलिभिजनले शुक्रबार पहिलो पटक प्रतिक्रिया जनाउँदै प्रदर्शन हिंसात्मक बनेको र 'हताहत' भएको दाबी गरेको छ, तर त्यसबारे विस्तृत विवरण दिएको छैन।

राज्य मिडियाले अमेरिका र इजरायलका 'आतङ्कवादी एजेन्ट' ले आगजनी र हिंसा भड्काएको आरोप पनि लगाएको छ।

सञ्चार अवरोधका कारण प्रदर्शनको वास्तविक आकार र फैलावट तुरुन्तै पुष्टि गर्न सकिएको छैन। तर कमजोर अर्थतन्त्र, महँगी र बेरोजगारीले थलिएको अवस्थामा सुरु भएको यो आन्दोलन पछिल्ला वर्षहरूमा सरकारका लागि सबैभन्दा गम्भीर चुनौती बनेको विश्लेषकहरूको भनाइ छ।

यो विरोध प्रदर्शनलाई निर्वासित युवराज रेजा पहलवीको आह्वानप्रति जनसमर्थन कति छ भन्ने पहिलो ठूलो परीक्षणका रूपमा पनि हेरिएको छ। उनका पिता, पूर्व शाह, सन् १९७९ को इस्लामिक क्रान्तिभन्दा अघि देश छाड्न बाध्य भएका थिए। पछिल्ला प्रदर्शनमा शाहको समर्थनमा नाराबाजीसमेत सुनिनु, पहिले मृत्युदण्डसम्म हुन सक्ने अवस्थाको तुलना गर्दा जनआक्रोश कति गहिरो छ भन्ने सङ्केत मानिएको छ।

अमेरिकास्थित मानव अधिकार निगरानी समूहका अनुसार हालसम्मको झडप र दमनमा कम्तीमा ४२ जनाको मृत्यु भएको छ भने दुई हजार २७० भन्दा बढी व्यक्तिलाई हिरासतमा लिइएको छ। युवारज पहलवीले बिहीबार र शुक्रबार साँझ ८ बजे पुनः सडकमा उत्रिन आह्वान गरेका थिए। विश्लेषक होली डाग्रेसका अनुसार सामाजिक सञ्जालमा देखिएको प्रतिक्रियाबाट धेरै इरानी नागरिकहरूले इस्लामिक गणतन्त्र हटाउने उद्देश्यसहित प्रदर्शनलाई गम्भीर रूपमा लिएको स्पष्ट हुन्छ। उनका अनुसार विश्वले प्रदर्शन नदेखोस् र सुरक्षाबललाई कडा कारबाही गर्न सहज होस् भन्ने उद्देश्यले सरकारले इन्टरनेट बन्द गरेको हो।इन्टरनेट बन्द हुनुअघि बिहीबार साँझ तेहरानका विभिन्न बस्तीहरूमा 'तानाशाह मूर्दावाद' र 'इस्लामिक गणतन्त्र मूर्दावाद' जस्ता नाराले आकाश गुन्जिएको प्रत्यक्षदर्शीहरूले बताएका छन्। केहीले 'यो अन्तिम युद्ध हो, पहलवी फर्कनुहुनेछ' भन्दै शाहको प्रशंसा गरेका थिए।

युवराज पहलवीले सञ्चार बन्दलाई जनताको आवाज दबाउने प्रयास भन्दै युरोपेली नेताहरूलाई अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग मिलेर इरानी शासनलाई जवाफदेही बनाउन आग्रह गरेका छन्। उनले इरानी जनताको आवाज चुप लाग्न नदिन अन्तर्राष्ट्रिय समुदायले सबै प्राविधिक, वित्तीय र कूटनीतिक उपाय अपनाउनुपर्ने बताए।

यसैबीच अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानी सुरक्षाबल वा सरकारले शान्तिपूर्ण रूपमा प्रदर्शन गरिरहेका नागरिकहरूमाथि हत्या, अत्यधिक बल प्रयोग वा दमन गरेमा त्यसको गम्भीर परिणाम भोग्नुपर्ने चेतावनी दिएका छन्। उनले हाल युवराजसँग प्रत्यक्ष भेट उपयुक्त नहुने बताउँदै घटनाक्रमको परिणाम कुर्नुपर्ने धारणा व्यक्त गरेका हुन्।

हालैका वर्षहरूमा प्रतिबन्ध र क्षेत्रीय द्वन्द्वका कारण इरानको अर्थतन्त्र गम्भीर सङ्कटमा छ। १२ दिने युद्धपछि रियाल मुद्रा ऐतिहासिक रूपमा कमजोर बनेको अवस्थामा सुरु भएको यो आन्दोलनले आगामी दिनमा इरानको राजनीतिक दिशा कता मोडिन्छ भन्नेबारे गहिरो प्रश्न खडा गरेको छ। रासस

# नेपाली महिला क्रिकेट टोली स्कटल्यान्डसँग पराजित



**काठमाडौँ।**
आइसिसी महिला टी–२० विश्वकप ग्लोबल छनोटको तयारीमा रहेको नेपाल अभ्यास खेलमा स्कटल्यान्डसँग पराजित भएको छ। कीर्तिपुरस्थित त्रिवि मैदानमा आज भएको खेलमा नेपाल स्कटल्यान्डसँग २७ रनले पराजित भएको हो। स्कटल्यान्डले दिएको १८४ रनको बलियो लक्ष्य पछ्याएको नेपाल निर्धारित २० ओभरमा ६ विकेट गुमाएर १५६ रनमा समेटियो।

नेपालका लागि सम्झना खड्काले सर्वाधिक अविजित ५२ रन बनाइन्। त्यसैगरी कविता कुँवरले अविजित २९ रन जोड्दा कप्तान इन्दु बर्माले २८ तथा कविता जोशीले २२ रन बनाइन्। स्कटल्यान्डका लागि डार्सी कार्टरले तीन विकेट लिइन् भने क्याथरिन ब्रिस, ओलिभिया बेल र चोल अबेलले समान एक/एक विकेट लिए।

त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको स्कटल्यान्डले निर्धारित २० ओभरमा ६ विकेट गुमाएर १८३ रनको योगफल बनाएको थियो। उसका लागि क्याथरिन ब्रिसले २८ बलमा अविजित ६२ रन बनाइन्। त्यस्तै प्रियानाज चटर्जीले अविजित ४० रन बनाइन्। नेपालका लागि रुबिना क्षेत्री र कविता कुँवरले समान दुई/दुई विकेट लिइन् भने रिया शर्मा र रचना चौधरीले समान एक/एक विकेट लिए। रासस

# सन् २०२५ मा समुद्रबाट रेकर्ड ताप अवशोषित



**फ्रान्स।**
विश्वका महासागरहरूले सन् २०२५ मा अहिलेसम्मकै उच्च मात्रामा ताप अवशोषित गरेको तथ्य वैज्ञानिकहरूको एक अन्तर्राष्ट्रिय टोलीले सार्वजनिक गरेको छ। विज्ञहरूका अनुसार यसले समुद्री सतहको वृद्धि, शक्तिशाली आँधीबेहरी र कोरल नष्ट हुने जोखिमलाई अझ तीव्र बनाएको छ।

अध्ययनअनुसार सन् २०२५ मा महासागरमा जम्मा भएको अतिरिक्त ताप करिब २३ जेटाजुलले बढेको छ। यो झण्डै चार दशकको विश्वव्यापी प्राथमिक ऊर्जा खपतको बराबर हो। यो तथ्य 'एडभान्सेस इन एटमोस्फेरिक साइन्सेज' नामक वैज्ञानिक जर्नलमा प्रकाशित गरिएको छ। आधुनिक रेकर्ड राख्न सुरु गरिएको सन् १९५० को दशकयताकै सबैभन्दा उच्च स्तरको महासागरीय ताप रहेको अध्ययनले देखाएको छ।

यो निष्कर्ष निकाल्न विश्वका ३१ अनुसन्धान संस्थामा आबद्ध ५० भन्दा बढी वैज्ञानिकले विभिन्न स्रोतको प्रयोग गरेका थिए। तीमध्ये हजारौँ फ्लोटिङ रोबोटहरू पनि रहेका छन्, जसले समुद्रको सतहदेखि करिब दुई हजार मिटर गहिराइसम्म तापक्रम र अन्य परिवर्तनहरू निरन्तर मापन गर्छन्।

अध्ययनकी सह–लेखक तथा फ्रान्सेली अनुसन्धान संस्था मर्केटर ओसन इन्टरनेसनलकी समुद्रविद् करिना भोन सकम्यानका अनुसार सतहभन्दा गहिराइमा केन्द्रित अध्ययनले मानव गतिविधिबाट उत्सर्जित हरितगृह ग्यासका कारण महासागरमाथि परिरहेको 'निरन्तर दबाब' लाई अझ स्पष्ट रूपमा देखाउँछ। उनले भनिन्, 'तस्वीर एकदमै स्पष्ट छ। सन् २०२५ का नतिजाले समुद्रको तापक्रम निरन्तर बढ्दै गएको पुष्टि गर्छ।'

महासागर पृथ्वीको जलवायु प्रणालीका प्रमुख नियामक मानिन्छन्, किनकि मानवले कार्बन डाइअक्साइडजस्ता हरितगृह ग्यास उत्सर्जन गर्दा वायुमण्डलमा जम्मा हुने अतिरिक्त तापमध्ये करिब ९० प्रतिशत महासागरले नै अवशोषण गर्छन्। तर यही अतिरिक्त ऊर्जाले गम्भीर प्रभावहरू पनि निम्त्याइरहेको छ।

तातो महासागरले वायुमण्डलमा आद्र्रता बढाउँछ, जसले उष्णकटिबन्धीय चक्रवात र विनाशकारी वर्षालाई थप शक्तिशाली बनाउँछ। पानी तातिँदा फैलिने भएकाले समुद्री सतहको स्तर बढ्ने प्रक्रियामा पनि यसले प्रत्यक्ष योगदान पुर्याउँछ। साथै, उष्णकटिबन्धीय समुद्री चट्टानहरूमा रहेका कोरलहरू लामो समयसम्म चल्ने समुद्री गर्मी छालका कारण नष्ट हुने अवस्थामा पुगेका छन्।

भोन सकम्यानले भन्नुभयो जबसम्म पृथ्वीले ताप जम्मा गर्न जारी राख्छ महासागरको ताप बढिरहनेछ। समुद्री सतह उकासिनेछ र नयाँ–नयाँ रेकर्डहरू कायम हुँदै जानेछन्। अध्ययनले महासागरको तापक्रम सबै क्षेत्रमा समान नभएको पनि देखाएको छ। केही क्षेत्रहरू अन्यभन्दा छिटो तातिरहेका छन्। सन् २०२५ मा उष्णकटिबन्धीय महासागर, दक्षिण अटलान्टिक, भूमध्यसागर, उत्तरी हिन्द महासागर र दक्षिणी महासागरले रेकर्ड मात्रामा ताप अवशोषित गरेका थिए।

यद्यपि सन् २०२५ मा औसत समुद्री सतहको तापक्रम अघिल्ला वर्षको तुलनामा केही घटेको देखिए पनि यो अझैसम्म मापन गरिएका तेस्रो–उच्चतम स्तरमै रहेको अध्ययनले जनाएको छ। वैज्ञानिकहरूका अनुसार यो कमी सन् २०२३–२०२४ मा देखिएको शक्तिशाली 'एल निनो' ताप प्रभावबाट 'ला निन्या' प्रकारको अवस्थातर्फको सङ्क्रमणसँग सम्बन्धित हो, जसले समुद्री सतहलाई अस्थायी रूपमा केही चिस्याउँछ। तर दीर्घकालीन रूपमा हेर्दा जीवाश्म इन्धनको अत्यधिक प्रयोगका कारण वायुमण्डलमा हरितगृह ग्यासको मात्रा बढिरहेकाले महासागर तातिने गति झनै तीव्र हुँदै गएको छ। विज्ञहरूका अनुसार जबसम्म ग्लोबल वार्मिङलाई नियन्त्रणमा ल्याइँदैन, महासागरले हरेक वर्ष नयाँ रेकर्ड तोड्दै जानेछन्।

भोन सकम्यानले चेतावनी दिँदै भनिन् अब जलवायु प्रणालीको सबैभन्दा ठूलो अनिश्चितता भौतिक विज्ञान होइन, मानवताले गर्ने छनोट हो। उनीका अनुसार तीव्र रूपमा उत्सर्जन कटौती गर्न सके भविष्यका गम्भीर प्रभावहरू सीमित गर्न सकिन्छ र समाज तथा प्राकृतिक प्रणालीहरू फस्टाउन सक्ने जलवायु जोगाउन सहयोग पुग्नेछ। रासस

# मेला-महोत्सवको लहरः आर्थिक गतिविधिमा टेवा

**पोखरा।**
हरेक हिउँद याममा देशैभर मेला–महोत्सवको लहर नै चल्छ। गण्डकी प्रदेश पनि यतिबेला महोत्सवय बनेको छ। ठाउँ र पर्व विशेषका स–साना उत्सव, मेलादेखि जिल्लास्तरमा भइरहेका ठूला महोत्सवले स्थानीय अर्थतन्त्रलाई चलायमान बनाएका छन्। मेला–महोत्सवको आयोजनाबाट आर्थिक गतिविधि र पर्यटन प्रवद्र्धनमा टेवा पुग्ने गरेको छ।



यही पुस ३ देखि १४ गतेसम्म चलेको २१ औँ संस्करणको लेखनाथ महोत्सवमा रु ११ करोड २० लाख बराबरको कारोबार भएको आयोजकको दाबी छ। आयोजक लेखनाथ उद्योग वाणिज्य सङ्घका अनुसार तीन लाख ३५ हजार दर्शकले महोत्सव अवलोकन गरे। पोखरा महानगरपालिका–२७ तालचोकमा आयोजित लेखनाथ महोत्सवलाई यस क्षेत्रकै ठूलो महोत्सवका रुपमा लिइन्छ।

आठौँ संस्करणको बागलुङ महोत्सव मङ्गलबार सकियो। बाह्र दिनसम्म सञ्चालन भएको उक्त महोत्सवमा झण्डै रु आठ करोडको कारोबार भएको आयोजक बागलुङ उद्योग वाणिज्य सङ्घका अध्यक्ष राजनकुमार शाक्यले जानकारी दिए। कला, संस्कृतिको संरक्षणसँगै पर्यटन, कृषि, उद्योग तथा व्यापार प्रवद्र्धनमा महोत्सवले टेवा पुर्याएको उनले बताए। महोत्सवस्थलमा २०० बढी व्यावसायिक कक्ष राखिएका थिए। मेड इन बागलुङका रुपमा स्थानीय उत्पादनको प्रदर्शनी तथा बिक्रीकक्ष छुट्टै राखिएको थियो अध्यक्ष शाक्यले भने, 'समग्र रुपमा महोत्सव सफल भयो, महोत्सवका बेला आर्थिक गतिविधि चलायमान हुँदा व्यवसायीहरुको मनोबल बढेको छ।' मेला–महोत्सव मनोरञ्जनस्थल मात्र नभएर पर्यटन र व्यवसाय प्रवद्र्धन गर्ने माध्यम पनि रहेको उनको भनाइ छ। आठौँ पर्वत महोत्सव यही पुस ९ देखि १९ गतेसम्म चल्यो। आर्थिक विकास र पर्यटन प्रवद्र्धनको उद्देश्यसहित आयोजित उक्त महोत्सवमा रु पाँच करोड बढीको कारोबार भएको आयोजक पर्वत उद्योग वाणिज्य सङ्घले जनाएको छ। महोत्सवमा १५० भन्दा बढी व्यावसायिक कक्ष राखिएको थियो। विगतका महोत्सवको तुलनामा यस वर्ष दर्शकको सङ्ख्या बढ्दा किनमेल पनि बढेको महोत्सवका मूल संयोजक ठाकुर वि पौडेलले बताए।

बाहौँ गोरखा महोत्सव पनि अहिले जारी छ। गोरखा उद्योग वाणिज्य सङ्घको आयोजनामा यही पुस १४ गते सुरु भएको महोत्सव पुस २८ गतेसम्म चल्नेछ। पर्यटकीय राजधानी पोखरामा १४ औँ संस्करणको पोखरा महोत्सव यही पुस २९ गतेदेखि माघ ११ गतेसम्म आयोजना हुने भएको छ। आयोजक युनाइटेट क्लब, पोखराका अनुसार आर्थिक, सामाजिक र सांस्कृतिक गतिविधिलाई चलायमान बनाउन महोत्सव आयोजना गरिएको हो। उक्त महोत्सवमा कृषि, उद्योग, हस्तकला, सेवा, अटोलगायत गरी दुई सय ५० वटा व्यावसायिक कक्ष रहनेछन्। महोत्सवबाट व्यावसायिक नाफाघाटा मात्र नसोचेर सामाजिक उत्तरदायित्व पनि बहन गर्दै आएको क्लबले जनाएको छ। क्लबले महोत्सवको आम्दानीलाई सेती नदीको संरक्षण, पर्यटन प्रवद्र्धनलगायत काममा खर्च गर्दै आएको छ। आगामी माघ ८ गतेदेखि २० गतेसम्म नवौँ लमजुङ महोत्सव आयोजना हुँदैछ। लमजुङ उद्योग वाणिज्य सङ्घद्वारा आयोजित उक्त महोत्सवमा २२५ व्यावसायिक कक्ष रहने जनाइएको छ। एक लाख ५० हजार दर्शकले महोत्सव अवलोकन गर्ने अपेक्षा लिइएको लमजुङ उद्योग वाणिज्य सङ्घले जनाएको छ।

अङ्ग्रेजी नयाँ वर्ष २०२६ को छेकोमा यस वर्ष पनि पोखरामा सडक महोत्सव आयोजना गरियो। रेष्टुराँ एण्ड बार एसोसिएसन (रेबान) पोखराद्वारा आयोजित २७औँ संस्करणको सडक महोत्सवले पोखराको पर्यटन प्रवद्र्धन र आर्थिक गतिविधि चलायमान बनाउन महत्वपूर्ण भूमिका खेल्दै आएको 'रेवान' पोखराका अध्यक्ष विश्वराज पौडेलले बताए। त्यसअघि पोखरा उद्योग वाणिज्य सङ्घको आयोजनामा ३४औँ राष्ट्रिय औद्योगिक व्यापार मेला तथा १३औँ क्यान इन्फोटेक सञ्चालन गरिएको थियो।

चाडपर्वका मौकामा आयोजना गरिने स–साना मेला–उत्सवले पनि गाउँघरमा उस्तै रौनक थप्ने गरेका छन्। माघेसङ्क्रान्ति पारेर म्याग्दीको बेनी बजार, बागलुङको जैमिनी र पोखराको ढुङ्गेसाँघुलगायतका क्षेत्रमा मेलाको आयोजना गरिँदैछ। यी मेला इतिहास र परम्परासँग जोडिएका छन्। स्थानीय उत्पादन, खेल, कला, संस्कृति, पर्यटन र व्यवसाय प्रवद्र्धनको उद्देश्यसहित मेला–महोत्सवको आयोजना हुने गरेका छन्।

एकैठाउँमा वस्तु तथा सेवाको किनमेल हुने हुँदा महोत्सवले क्रेता र विक्रेता दुवैका लागि महत्वपूर्ण अवसर सिर्जना गर्ने नेपाल उद्योग वाणिज्य महासङ्घ गण्डकी प्रदेशका सदस्य नरेश कँडेलले बताए। मेला–महोत्सव भइरहनुपर्छ यसले व्यवसाय प्रवद्र्धनमा ठूलो भूमिका खेल्छ, स्थानीय उत्पादनको पहिचान र बजारीकरणमा पनि सहयोग पुग्छ कँडेलले भने हरेक जिल्लाको आर्थिक विकासको सम्भावना र अवसरको खोजीका लागि पनि यस्ता महोत्सव आयोजना हुनु आवश्यक छ। रासस

# गाजामा इजरायली आक्रमण : १३ जनाको मृत्यु

**गाजा।**
युद्धविरामको बावजुद गाजामा भएको इजरायली आक्रमणमा पाँच बालबालिका सहित कम्तिमा १३ जनाको ज्यान गएको गाजाको नागरिक सुरक्षा एजेन्सीले बताएको छ। एजेन्सीका प्रवक्ता महमुद बासलाई उदृत गर्दै एएफपीले दक्षिणी गाजामा विस्थापित मानिसहरूको शिविरमा ड्रोन प्रहार गर्दा तीन बालकसहित चार जनाको मृत्यु भएको जनाएको छ।

गाजा पट्टीको उत्तरमा, जबालिया शरणार्थी शिविर नजिकै एक जना र एक विद्यालयमा भएको आक्रमणमा एक जना र दक्षिण खान युनूस नजिकै भएकोको ड्रोन आक्रमणले एक व्यक्तिको ज्यान लिएको एजेन्सिले जनाएको छ। हमास प्राधिकरणअन्तर्गत सञ्चालन गर्ने एजेन्सीले अन्य आक्रमणमा एक बालकसहित दुई जना गाजानहरुको मृत्यु भएको जनाएको छ।

बिहीबार गाजा सहरको पूर्वी क्षेत्रको एक घरलाई लक्षित गरी गरिएको इजरायली हवाई आक्रमणमा थप चार जनाको मृत्यु भएको उल्लेख गर्दै बासलले बेपत्ता भएका धेरै मानिसहरूको खोजी तथा उद्धार कार्य सुरु भएको जनाएको छ।

गाजा पट्टीमा युद्धविराम सम्झौताको उल्लङ्घन गरी गरिएको पछिल्लो इजरायली आक्रमणमा मृत्यु हुनेको सङ्ख्या १३ पुगेको बासलले बताए। इजरायली सेनाले शुक्रबार विज्ञप्ति जारी गर्दै प्रतिक्रियामा दक्षिणी र उत्तरी गाजा पट्टीमा हमास आतंकवादीहरू र आतंककारी पूर्वाधारमा प्रहार गरेको बताएको छ। गाजा पट्टीबाट प्रक्षेपण गरिएको क्षेप्यास्त्र युद्धविराम सम्झौताको उल्लङ्घन भएको विज्ञप्तिमा उल्लेख गरिएको छ।

अक्टोबर– १० देखि, गाजामा अमेरिकी प्रस्तावको युद्धविरामले इजरायली सेना र हमास बीचको लडाइँलाई धेरै हदसम्म रोकेको छ, तर दुवै पक्षले बारम्बार युद्धविराम उल्लङ्घन गरेको आरोप लगाएका छन्। हमासका प्रवक्ता हाजेम कासिमले बिहीबार गाजामा भएको आक्रमणले 'इजरायली कब्जाले युद्धविरामप्रति आफ्नो प्रतिबद्धता त्यागेको पुष्टि गरेको एएफपीले जनाएको छ।'रासस

# जिल्लास्तरीय छनोट सञ्चालन गर्न निर्देशन

**कैलाली।**
प्रधानमन्त्री कप एक दिवसीय पुरुष क्रिकेटको सुदूरपश्चिम प्रदेशको जिल्लास्तरीय छनोट प्रतियोगिता सञ्चालन गर्न निर्देशन दिइएको छ। सुदूरपश्चिम प्रादेशिक क्रिकेट संघका सचिव लक्ष्मणदत्त भट्टका अनुसार जिल्ला छनोट प्रतियोगिता शुक्रबारदेखि आगामी माघ ११ गतेसम्म सम्पन्न गर्न सबै जिल्लाहरूलाई निर्देशन दिइएको हो।

जिल्ला छनोट प्रतियोगितामा कम्तीमा चार टिम समावेश गरी एक टिमले तीन खेल खेल्नु पर्ने, प्रतियोगिता ५० ओभरको खेलाउनु पर्ने, सहभागी खेलाडीहरुले अनिवार्य रुपमा दर्ता फाराम भरी फोटोसमेत टाँस्नुपर्ने जनाइएको छ।

त्यसैगरी छनोट खेलहरुको अनलाइन स्कोर https://cricclubs.com/nepal मा अनिवार्य रुपमा राख्नुपर्ने, प्रतियोगीताको खेल तालिका, सहभागी खेलाडीहरुसहित टिमको नामावली, म्याच रिपोर्ट, स्कोर सिट, प्रतियोगिताका तस्बीरहरुसहित प्रतियोगिता सम्पन्न भएको प्रतिवेदन नेपाल क्रिकेट संघ र प्रादेशिक क्रिकेट संघमा उपलब्ध गराउनुपर्ने निर्देशनमा उल्लेख छ।

सुदूरपश्चिम प्रदेशको बाजुराबाहेक आठ जिल्ला नेपाल क्रिकेट संघमा आवद्ध छन्।

जिल्ला छनोटपछि प्रदेशस्तरीय प्रतियोगिता हुनेछ। राष्ट्रिय खेलकुद परिषदको कार्यक्रम अनुसार नेपाल क्रिकेट संघको आयोजनामा सञ्चालन गरिँदै आएको प्रधानमन्त्री कप एक दिवसीय पुरुष राष्ट्रिय क्रिकेट प्रतियोगिता यस वर्ष आगामी चैत्र १४ देखि बैशाख ५ गते सम्म सञ्चालन गर्ने तयारी छ। रासस

# आयोग निर्वाचनको तीव्र तयारीमा : कावा आयुक्त



**काठमाडौँ ।** निर्वाचन आयोगका कार्यवाहक प्रमुख आयुक्त रामप्रसाद भण्डारीले प्रतिनिधि सभा सदस्य निर्वाचनको तीव्र तयारीमा आयोग जुटिरहेको बताएका छन् । राष्ट्रिय समाचार समिति (रासस)ले स्वनियमनका क्रममा जारी गरेको निर्वाचन आचारसंहिता, २०८२ को प्रति ग्रहण गर्दै कार्यवाहक प्रमुख आयुक्त भण्डारीले सफलतापूर्वक निर्वाचन सम्पन्न गर्ने क्रममा राज्यका जिम्मेवार सबै संस्था र निकायबीचको आपसी सहयोग, सहकार्य, समन्वय हुन आवश्यक रहेको बताए ।

निर्वाचनको वातावरण बनाउन आमसञ्चारमाध्यमको महत्वपूर्ण भूमिका हुने धारणा व्यक्त गर्दै आयोगबाट जारी हुने निर्वाचन आचारसंहिता र आफ्नो निर्वाचन आचारसंहितालाई दृष्टिगत गरी निर्वाचन सफल बनाउने राष्ट्रिय अभियानमा रासस क्रियाशील हुने विश्वास व्यक्त गरे । आसन्न निर्वाचनका क्रममा आचारसंहिता जारी गरी कार्यान्वयनमा गएकामा खुसी व्यक्त गर्दै सत्यतत्थ्य, निष्पक्ष, विश्वसनीय र आधिकारिक समाचार सम्प्रेषण गर्दै आएको राससबाट अझ बढी भूमिका अपेक्षा गरिएको बताए ।

निर्वाचन आयुक्त सगुनशमशेर जबराले मुलुकका आमसञ्चारमाध्यमलाई सहयोग पुग्नेगरी निर्वाचन लक्षित समाचार सामग्री सङ्कलन तथा सम्प्रेषणमा रासस केन्द्रित हुने विश्वास व्यक्त गर्दै आसन्न निर्वाचनलाई राष्ट्रिय उत्सवका रुपमा मनाउन सम्बद्ध सबैसँग अनुरोध गरे । उनले आचारसंहिता उल्लङ्घन हुन नदिन, मतदातासँग सम्बन्धित शिक्षा र सूचना सम्प्रेषण गर्न तथा सही समाचार सही समयमा दिन आमसञ्चारमाध्यको ध्यानाकर्षण गराए ।

आयोगका सचिव कृष्णबहादुर राउतले निर्वाचन आचारसंहिता सबै सञ्चारमाध्यमले आफ्ना लागि आफैँले जारी गरेर लागू गर्ने अवस्था आएमा सहयोग पुग्ने बताए । उनले अनुभवी जनशक्तिसहित राष्ट्रव्यापी रुपमा कार्यसञ्जाल रहेको राससको भूमिका महत्वपूर्ण रहेको उल्लेख गर्दै यसअघिजस्तै सफलतापूर्वक निर्वाचन सम्पन्न गर्न सहयोग पुग्ने समाचार सामग्री सम्प्रेषणका पक्षमा रासस केन्द्रित हुने विश्वास व्यक्त गरे । राससका कार्यकारी अध्यक्ष धर्मेन्द्र झाले स्वनियमनका लागि जारी गरेको २३ बुँदे निर्वाचन आचारसंहिता शुक्रबारदेखि लागू भएको जानकारी दिए । उनले यसअघि सम्पन्न निर्वाचनमा जारी गरिएको आचारसंहितालाई परिमार्जन गरी 'एआई' र 'सामाजिक सञ्जाल'जस्ता नयाँ विषयवस्तुलाई समेटेर आचारसंहिता जारी गरिएको स्पष्ट गरे ।

कार्यकारी अध्यक्ष झाले सूचना र समाचार सम्प्रेषणमा नेतृत्वदायी भूमिका रहेको राससमा कार्यरत जनशक्तिलाई अनुशासनमा राख्ने उद्देश्यले यो ल्याइएको बताउँदै आयोगबाट जारी हुने आचारसंहिता पालना गर्नु राससको कर्तव्य भएको स्पष्ट गरे । राससका समाचार महाशाखा उपप्रमुख एकराज पाठकले यसअघिको निर्वाचनमा जारी गरेको आचारसंहिताको सकारात्मक प्रभाव परेको जानकारी दिँदै निर्वाचन लक्षित समाचार सामग्री सम्प्रेषणका क्रममा आवश्यक व्यवस्था गरिएको बताए ।

सो अवसरमा निर्वाचन आयुक्त डा जानकीकुमारी तुलाधर, राससका महाप्रबन्धक सन्दीप राई, समाचार महाशाखा प्रमुख सोमनाथ लामिछाने, प्रधानसम्पादक उत्तम सिल्वाल, आलेख प्रमुख कृष्ण अधिकारी, प्रशासन प्रमुख शीतलप्रसाद महतो र प्रमुख समाचारदाता नारायणप्रसाद न्यौपाने उपस्थित हुनुहुन्थ्यो । रासस

# असावधानीका कारण आगलागीमा वृद्धि

**काठमाडौँ ।** राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार यही पुस २३ गते बिहान १० बजेदेखि बिहीबार बिहानसम्म देशभर १९ वटा विपद्का घटना घटे ।

त्यसमध्ये १५ वटा आगलागीका घटना भए । विपद्मा परेर कुल ४८ जना घाइते भए भने एक जनाको निधन भयो । विपद्का कारण कुल रु १० लाख १२ हजारबराबरको क्षति भयो । प्राधिकरणका अनुसार सुनसरी, सिरहा, सर्लाही, रौतहटका दुई स्थानमा आगलागी भएको छ । बारा, कैलाली, कञ्चनपुर, अछाम, डडेल्धुरामा आगलागी हुँदा सोलुखुम्बु, ओखलढुङ्गा, म्यादी, रुकुमपूर्व, कालीकोटमा वनमा डडेढो लाग्यो । उदयपुर, रौतहट, सुर्खेत र डोटीमा जनावरको आक्रमणमा घटना घटे ।

त्यसैगरी, पुस २२ गते बिहानदेखि २३ गतेसम्म देशभर १९ वटा विपद्मा घटना घटे । त्यसमध्ये १७ वटा आगलागीका घटना घटे । पुस २१ गते बिहानदेखि २२ गते बिहानसम्म देशभर कुल २४ वटा विपद्का घटना घटे । त्यसमा १८ वटा आगलागीमा घटना भएका छन् ।

हिउँदयाममा विभिन्न कारणले आगलागीका घटनामा वृद्धि भएको छ । सावधानी अपनाउन नसक्दा आगलागीको घटनामा वृद्धि भएको प्राधिकरणले जनाएको छ ।

विद्युत् सर्ट भएको, परालमा कुन्यूमा असावधानीवश आगो लागेको तथा गोठमा सामान्य सावधानी नअपनाइकन आगो बाल्दा क्षति भएको छ । सावधानी अपनाउन, आगो बालेपछि निभाउन तथा ज्वलनशील पदार्थ जथाभावी नराख्न प्राधिकरणले आग्रह गरेको छ । रासस

# जङ्गली हात्तीको आक्रमणबाट दुईजना घाइते

**सुनसरी ।** सुनसरीको बराहक्षेत्र नगरपालिका–३ नडाहास्थित कालिन्द्र सामुदायिक वनमा जङ्गली हात्तीको आक्रमणबाट दुई जना घाइते भएका छन् । जिल्ला प्रहरी कार्यालयका प्रहरी प्रमुख केशवकुमार थेबेका अनुसार शुक्रबार दिउँसो बराहक्षेत्र–३ का ७२ वर्षीया मैया विक घाँस काट्न जङ्गलमा जाने क्रममा जङ्गली हात्तीले आक्रमण गर्दा गम्भीर घाइते भएका छन् ।

त्यस्तै शुक्रबार दिउँसो बराहक्षेत्र–३ का ३४ वर्षीया पूजन विक जङ्गलबाट घाँस काटेर फर्किने क्रममा हात्तीको आक्रमणमा परी गम्भीर घाइने भएको उनले जानकारी दिए । पूजनलाई नडाहा–धरान रोडमा हात्तीले आक्रमण गरेको बताउँदै उनको निधार, अनुहार र शरीरका विभिन्न भागमा चोट लागेको प्रहरी प्रमुख थेबेले उल्लेख गरे ।

प्रहरी प्रमुख थेबेका अनुसार घाइते दुवैलाई इलाका प्रहरी कार्यालय महेन्द्रनगरबाट प्रहरी निरीक्षक दिवस कुँवरको कमाण्डमा खटिएको टोलीले उद्धार गरी बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा पुर्याएसँगै उपचार भइरहेको छ । प्रहरीका अनुसार हात्ती अझै बराहक्षेत्र–३ कालिन्द्र सामुदायिक वन क्षेत्रमा रहेका छन् ।

यसैबीच, जिल्ला प्रहरी कार्यालय र स्थानीय प्रशासनले स्थानीयलाई हात्तीबाट सुरक्षा अपनाउन सचेत गराउने तथा घटनास्थलमा सतर्कता कायम गर्न आग्रह गरेको छ । गए राति करिब ११ः४५ बजे धरान–१९ स्थित हरियाली सामुदायिक वनमा जङ्गली हात्ती देखापरेको थियो । रासस

# दुबई उडेको युवक दिल्लीमा वेवारिसे फेला

**उदयपुर ।** उदयपुरको कटारी नगरपालिका–६ बगवतीका गङ्गाबहादुर दर्नाल वैदेशिक रोजगारीका लागि दुबई उडेको चार महिनापछि दिल्लीमा बेवारिसे अवस्थामा फेला परेका छन् । दर्नाललाई वैदेशिक रोजगार उद्धार नेपालले उद्धार गरी हाल काठमाडौँ ल्याएर शिक्षण अस्पतालमा उपचार गरिरहेको छ ।

एक भारतीय नागरिकले सामाजिक सञ्जालमा दर्नालको अवस्थाबारे सार्वजनिक गरेपछि उद्धार नेपालले तत्काल उद्धार गरी नेपाल ल्याएर उपचार गरिरहेको उद्धार नेपालका अध्यक्ष इन्द्रलाल गोलेले जानकारी दिए । वैदेशिक रोजगारीका लागि दुबई हिँडे पनि सम्पर्कमा नआएका उनी म्यानपावरमा सोधीखोजी गर्दा स्वास्थ्यमा समस्या आएकाले दिल्ली ट्रान्जिट गरी अस्पतालमा छाडेको एयरलाइन्सले जानकारी दिएको थियो । तर अस्पतालमा खोजी गर्दा फेला नपरेको पारिवारिक स्रोतले जनाएको थियो ।

दर्नालको आर्थिक अवस्था कमजोर रहेकाले वडाध्यक्ष प्रेम मगरले वडाबाट निःशुल्क उपचारका लागि आवश्यक प्रक्रिया पूरा गरी नगरमा सिफारिस गरेर पठाइसकेको बताए । बेपत्ता भएपछि खोजीका लागि पहल गर्दा पनि भेटिएको थिएन वडाध्यक्ष मगरले भने सामाजिक सञ्जालमै दिल्लीमा अलपत्र परेको सार्वजनिक भएपछि उनलाई उद्धार गरेर ल्याएर उपचार भइरहेको छ ।

बेवारिसे अवस्थामा भेटिएका दर्नालको खुट्टाको औँलासमेत काटिइसकेको अवस्थामा फेला परेको जनाइएको छ ।

वैदेशिक रोजगारीका लागि दुबई उडेका दर्नाल भारत ट्रान्जिट हुँदा छुटे वा कसरी दिल्लीमा अलपत्र परे भन्नेबारे अझै खुल्न नसकेको पनि वडाध्यक्ष मगरले बताए । रासस

# धर्म, संस्कृति र चाडपर्वका विषय सरकारी संयन्त्रबाटै नियमन



**काठमाडौँ ।** धर्म, संस्कृति र चाडपर्वका विषयलाई सरकारी संयन्त्रबाटै नियमित एवं व्यवस्थित गरेर शास्त्रीय आधारमा मर्यादित रुपमा अघि बढाउनुपर्नेमा जोड दिइएको छ । नेपाल ज्योतिष परिषद्को २८ औँ स्थापना दिवस कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिका अध्यक्ष प्रा शम्भुप्रसाद ढकालले धर्म, संस्कृति र चाड पर्वका विषयलाई व्यवस्थित गर्न कानुनले व्यवस्था गरेबमोजिम काम भइरहेको बताए ।

पात्रो प्रकाशनकै सिद्धान्त बदल्न पनि बृहत् छलफल गरेर अघि बढ्नुपर्ने पक्षमा आफू रहेको जानकारी उनले गराए । 'केतकी गणना पद्धति आएको २०० वर्ष पनि भएको छैन, प्राचीनकालदेखि नै सूर्यसिद्धान्तका आधारमा पात्रोको गणना भएको छ, यस विषयमा व्यापक बहस आवश्यक छ', अध्यक्ष ढकालले भने । परिषद्का संस्थापक अध्यक्ष लोकराज पौडेलले समितिका यसअघिका अध्यक्ष प्रा श्रीकृष्ण अधिकारीका पालामा सात ग्रह केतकी गणना पद्धतिका आधारमा पञ्चाङ्गमा राखिएको उल्लेख गर्दै बाँकी दुई ग्रहलाई पनि त्यसैअनुसार व्यवस्थित गरिनुपर्नेमा जोड दिए । आकाशमा एउटा ग्रह अवस्था र पात्रोमा अर्को अवस्था देखिन नहुने उनको भनाइ थियो ।

समितिका पूर्वअध्यक्ष अधिकारीले नेपाल र भारतको देशान्तर एवं अक्षांश नै फरक हुने भएकाले त्यसका आधारमा गणित गर्दा तिथिमिति तथा चाडपर्वमा एक दिन यताउता हुनसक्ने बताए । नेपाल र भारतमा वेदका शाखा, सूत्र पनि फरक मानिने गरेकाले त्यसका आधारमा पनि चाडपर्वमा फरक पर्ने उनको भनाइ थियो । समितिका कार्यकारी निर्देशक आचार्य लक्ष्मण पन्थीले विसं २०८३ को पात्रोमा राखिने नेवारी समुदायका चाडपर्वको निर्णय गर्न सो समुदायका सरोकार भएकासँग छलफल गर्न लागिएको जानकारी दिए । नेवारी समुदायको चाडपर्व एवं तिथि मितिकाबारेमा जानकार विज्ञलाई पनि छलफल कार्यक्रममा बोलाइएको उनले सुनाए ।

समितिका पूर्वकार्यकारी निर्देशक सूर्यप्रसाद ढुङ्गेलले आकाशसँग नमिल्ने पात्रोको धर्मशास्त्रविद्ले विरोध गर्नुपर्ने बताए । आकाशसँग नमिल्ने पात्रोका आधारमा चाडपर्व र तिथि मिति मनाउँदा त्यसको फल नपाइने भएकाले धर्मशास्त्रविद्ले यसको विरोध गर्नुपर्ने उनको भनाइ थियो । कार्यक्रममा वाल्मीकि विद्यापीठ ज्योतिष विषयका सहप्राध्यापक डा पुरुषोत्तम भट्टराईले पात्रो गणना विधि एवं ज्योतिष विषयमा थाहा नभएकाले पनि गणना पद्धतिका बारेमा सामाजिक सञ्जालमा लेख्ने गरेको उल्लेख गर्दै त्यस विषयमा जानकारी नभएकाले लेखेको कुरा पढेर आममानिसलाई भ्रम हुने गरेको बताए । यस्तो क्रमलाई रोक्न लाग्नुपर्ने उनको भनाइ थियो ।

समितिका सदस्यद्वय प्रा डा देवमणि भट्टराई र रतिदेवी जोशी श्रेष्ठ, वाल्मीकि विद्यापीठका उपप्राध्यापक शान्तरत्न बज्राचार्यलगायतले ज्योतिष क्षेत्रलाई थप व्यवस्थित गर्न सरकारी निकायले नियमन गर्नुपर्नेमा जोड दिए । कालाग्नि रुद्र भगवान् लड्केश्वर धाम काभ्रेपलाञ्चोकका पीठाधीश मुकुन्द शर्मा हुमागाईंले आकाशमा ग्रह जुन अवस्थामा छन्, त्यसैअनुरुपको पात्रो (पञ्चाङ्ग) गणनाका लागि नेपालमा वेधशालाको स्थापना गरिनुपर्नेमा जोड दिए । त्यसका लागि अर्बौं रुपैयाँ लाग्ने भएपनि सहयोग जुटाउन लागिपर्ने सङ्कल्प गर्न आफू तयार रहेको घोषणा गरे ।

कार्यक्रममा ज्योतिष एवं धर्म, संस्कृतिका क्षेत्रमा समाचार सङ्कलन गरी योगदान गरेको भनी राससका समाचारदाता पूर्णप्रसाद मिश्रलाई सम्मान गरिएको थियो । समितिका अध्यक्ष ढकाल, परिषद्का संस्थापक अध्यक्ष पौडेल र अध्यक्ष केशवप्रसाद धितालगायतले दोसल्ला, सम्मान पत्र र फूलमालाले सो अवसरमा सम्मान गरेका थिए । सो अवसरमा ज्योतिषका क्षेत्रमा योगदान गर्ने विभिन्न व्यक्तित्वलाई पनि सम्मान गरिएको थियो । कार्यक्रममा ज्योतिष क्षेत्रमा कार्यरत विभिन्न व्यक्तित्वले यस क्षेत्रलाई व्यवस्थित गर्न समितिले काम गर्नुपर्नेमा जोड दिएका थिए । रासस

# स्वास्थ्य बिमा सुधारका लागि सरकार प्रयासरत छः स्वास्थ्यमन्त्री



**काठमाडौँ ।** स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री डा सुधा शर्मा गौतमले स्वास्थ्य बिमा सुधारका लागि प्रयासरत रहेको बताएकी छिन् । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र स्वास्थ्य बिमा बोर्डको संयुक्त आयोजना तथा जर्मन विकास सहयोग संस्थाको सहकार्यमा शुक्रबार आयोजित स्वास्थ्य बिमा सुधार कार्यक्रममा उनले स्वास्थ्य बिमा कार्यक्रम सरकारको उच्च प्राथमिकतामा रहेको बताइन् ।

मन्त्री गौतमले स्वास्थ्य बिमा कार्यक्रमलाई कसरी दिगो बनाउने भन्नेमा सरकारले चिन्तन गरिरहेको बताउँदै स्वास्थ्य बिमा कार्यक्रमका कमीकमजोरीलाई विश्लेषण गर्न विज्ञ तथा सरोकारवालासँग निरन्तर छलफल गरेको जानकारी दिइन् ।

स्वास्थ्य बिमा बोर्डका निर्देशक डा रघुराज काफ्लेले स्वास्थ्य बिमा कार्यक्रम सामाजिक सुरक्षाको महत्वपूर्ण पाटो भएको र नाफा कमाउने उद्देश्यले सञ्चालन नगरिएको स्पष्ट पारे । डा काफ्लेले स्वास्थ्य बिमा कार्यक्रमका लागि पर्याप्त बजेट, दीर्घकालीन प्रतिबद्धता र स्पष्ट नीतिमा बहस आवश्यक रहेकामा जोड दिए । रासस

# कारागारबाट फरार कैदी बम काण्डमा पक्राउ

**झापा ।** सार्वजनिक स्थलमा पटक/पटक विस्फोटक पदार्थ राखेर सर्वसाधारणमा त्रास फैलाउँदै आएका कनकाई नगरपालिका–८ का ५५ वर्षीय खगेन्द्र खरेल 'सञ्जय' पुनः पक्राउ परेका छन् ।

यही पुस १९ गते बिहान पूर्व–पश्चिम राजमार्गअन्तर्गत माई खोला पुल नजिक सडकको उत्तरी भागमा प्रेसर कुकर बम राखेर त्रास फैलाएको आरोपमा प्रहरीले उनलाई पक्राउ गरेको हो । २०८१ साल पुसमै सुनसरीको इटहरी उपमहानगरपालिका अगाडि शङ्कास्पद प्रेसर कुकर भेटिएपछि नेपाली सेनाको कालीशक्ति गणको बम डिस्पोजल टोलीले त्यसलाई निष्क्रिय पारेको थियो । सो घटनामा समेत खरेल पक्राउ परेका थिए ।

त्यसैगरी, २०७८ साल चैतमा इटहरी–२ नवजागृति टोलस्थित एक कोठामा भएको बम विस्फोटमा रबिन थापा र शेरजङ्ग गुरुङ घाइते भएका थिए । उक्त घटनामा पनि खरेलको संलग्नता रहेको अनुसन्धानबाट खुलेको जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी नायब उपरीक्षक खगेन्द्र खड्काले जानकारी दिए । पक्राउ परेका खरेल उपर आज जिल्ला अदलत झापाबाट म्याद थप गरी आवश्यक अनुसन्धान अघि बढाइने उनले बताए ।

यही पुस १९ गते बिहान पूर्व–पश्चिम राजमार्गअन्तर्गत माई खोला पुल नजिक सडकको उत्तरी भागमा शङ्कास्पद प्रेसर कुकर बम फेला परेपछि केही समय सवारी आवागमनसमेत ठप्प बनेको थियो । उक्त बमलाई नेपाली सेनाको अरिदमन गणको टोलीले सुरक्षित रूपमा निष्क्रिय पारेको थियो । प्रहरीका अनुसार घटनास्थलबाट विस्फोटक सामग्रीसँगै 'सनातन सुरक्षा सेना नेपाल' लेखिएको पर्चा समेत बरामद गरिएको थियो ।

प्रहरीका अनुसार दुई वर्ष पाँच महिना कैद सजाय भुक्तान गरी छुटेपछि खरेल पुनः विस्फोटक आतङ्कमा सक्रिय भएको पाइएपछि २०८१ साल चैतमा पक्राउ परेका थिए । उनी 'जेनजी आन्दोलन' का क्रममा सुनसरीको झुम्का कारागारमा कैद भुक्तान गरिरहेको अवस्थामा फरार रहेको तथ्य पनि खुलेको छ । पछिल्ला केही वर्षयता बिर्तामोड र दमक क्षेत्रमा समेत बम राखेर त्रास फैलाउँदै आएको आरोप उनीमाथि लागेको छ । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । रासस

# पर्सामा पौने ४ लाख बढि मतदाता

**मधेशदृष्टि**
**वीरगंज ।**
आगामी फागुनमा हुने प्रतिनिधिसभाको निर्वाचनका लागि जिल्ला निर्वाचन कार्यालय पर्साले सङ्कलन गरेको मतदाता नामावली अनुसार पर्सामा तीन लाख ७६ हजार ५१३ जना मतदाता रहेका छन् । यस अघिको निर्वाचन–२०७९ मा पर्साको कुल मतदाता तीन लाख ५२ हजार ४४ थियो, यसपटकको निर्वाचनमा २४ हजार २९ मतदाता थपिएका छन् ।
यसपाली पर्सामा महिला एक लाख ६४ हजार ४२१ र पुरुष दुई लाख १२ हजार ७७ गरी कुल तीन लाख ७६ हजार ५१३ पुगेको छ, जसमध्ये अन्य मतदाता सङ्ख्या १५ रहेको छ । पर्सामा मतदान केन्द्र ४४१ तथा मतदातस्थल १६७ वटा रहेको जिल्ला निर्वाचन कार्यालय पर्साले जनाएको छ । प्राप्त जानकारी अनुसार, निर्वाचन क्षेत्र नं १ मा महिला र पुरुष गरी एक लाख नौ हजार ६३ जना मतदाता, मतदानस्थल ३४ तथा मतदान केन्द्र १०३ वटा छन् ।
क्षेत्र नं २ मा महिला र पुरुष गरी कुल मतदाता ९५ हजार १२० जना, मतदानस्थल ३ तथा मतदान केन्द्र ११० वटा छन् ।
निर्वाचन क्षेत्र नं ३ मा महिला र पुरुष गरी कुल मतदाता ९६ हजार ५४२ जना, मतदानस्थल ४७ वटा र मतदान केन्द्र ११४ वटा छन् । निर्वाचन क्षेत्र नं ४ मा महिला र पुरुष गरी कुल मतदाता ९५ हजार २१३ जना रहेकामा मतदानस्थल ४८ तथा मतदान केन्द्र ११४ वटा रहेको निर्वाचन कार्यालय, पर्साका प्रमुख अनमिका रौनियारका जानकारी दिए ।

# ‘निर्वाचन प्रहरी’ भर्ना आवेदन खुल्ला



**मधेशदृष्टि**
**वीरगंज ।**
आसन्न प्रतिनिधिसभा निर्वाचनका लागि नेपाल प्रहरीले आफू मातहत परिचालन हुने निर्वाचन प्रहरीको भर्ना आवेदन खुलाएको छ। आवेदन दिने समय शुक्रवार पुस २५ गतेदेखि माघ १ गतेसम्म तोकिएको छ। सशस्त्र प्रहरीले पनि निर्वाचन प्रहरीका लागि केही दिनमै आवेदन खुलाउने तयारी गरेको छ ।
निर्वाचन सुरक्षाका लागि सरकारले करिब ३ लाख ३७ हजार सुरक्षाकर्मी परिचालन गर्दै छ । जसमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धान विभाग तथा ४० दिन कार्यअवधि तोकेर करिब डेढ लाख म्यादी प्रहरी खटाउने सरकारको तयारी छ। । केन्द्रीय सुरक्षा समिति बैठकको निर्णयअनुसार निर्वाचन सुरक्षामा आ–आफ्ना जिम्मेवारी र अधिकारक्षेत्र तोकेर सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धान विभागका १ लाख ८८ हजार ३ सय ६३ जनशक्ति परिचालन गर्ने गरी सुरक्षा व्यवस्थापन खाका बनेको छ ।
नियमिततर्फका सुरक्षाकर्मीबाट जनशक्ति अपुग भएपछि सरकारले नेपाल प्रहरीमार्फत १ लाख ३३ हजार ९ सय ८० र सशस्त्र प्रहरीमार्फत १५ हजार १ सय १० जनशक्तिलाई ४० दिनको अवधि तोकेर ‘निर्वाचन प्रहरी’ का रूपमा छनोट गरी परिचालन गर्दैछ ।

- **पर्सामा २ हजार ८५२ प्रहरीको माग**

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि निर्वाचन प्रहरी भर्ना प्रक्रिया सुरु भएको छ । जिल्ला प्रहरी कार्यालय पर्साले जानकारी दिएको अनुसार, पर्सा जिल्लाका लागि कुल २ हजार ८ सय ५२ जना निर्वाचन प्रहरीको माग गरिएको छ । यसमध्ये २ हजार ४ सय ६७ जना नेपाल प्रहरी र ३ सय ८५ जना सशस्त्र प्रहरी बलबाट भर्ना गरिनेछ । भर्ना प्रक्रियाको पहिलो दिनै आवेदन दिनेहरूको उल्लेखनीय भीड देखिएको छ ।
यसैविच फागुन २१ गते हुने निर्वाचनका लागि जिल्ला प्रहरी कार्यालय बारामा ‘निर्वाचन प्रहरी’ मा आवेदन दिन इच्छुकहरूको ठूलो भीड देखिएको छ । जिल्ला प्रशासन कार्यालय बाराका अनुसार निर्वाचन सुरक्षा व्यवस्थापनका लागि ४ हजार ३४ जना निर्वाचन प्रहरीको माग गरिएको छ ।

- **महोत्तरीमा ३ हजार ९१२ प्रहरीको माग**

प्रतिनिधिसभा निर्वाचनका लागि महोत्तरीमा तीन हजार ९१२ निर्वाचन प्रहरी भर्ना गरिने भएको छ । निर्वाचन प्रहरी छनोट तथा नियुक्ति समिति महोत्तरीले जारी गरेको निर्वाचन प्रहरी भर्ना सम्बन्धी एकिकृत सूचनामा उक्त सङ्ख्यामा निर्वाचन प्रहरी भर्ना गर्न लागिएको जनाइएको हो ।
प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यावदद्वारा जारी सूचनामा स्वीकृत निर्वाचन प्रहरी भर्ना, छनोट, नियुक्ति तथा परिचालन सम्बन्धी एकिकृत (नेपाल प्रहरी/सशस्त्र प्रहरी बल, नेपाल) कार्यविधि २०८२ अनुसार निर्वाचन प्रहरी भर्ना गर्न लागिएको उल्लेख छ । चार निर्वाचनक्षेत्र रहेको महोत्तरीमा आसन्न निर्वाचनका लागि २५८ मतदान स्थल, ५३६ मतदानकेन्द्र र चार लाख ३१ हजार २८२ मतदाता कायम भएका छन् ।

# श्रीनिधी सहकारीको १४औँ साधारणसभा सम्पन्न



**मधेशदृष्टि**
**वीरगंज ।**
श्रीनिधि बचत तथा ऋण सहकारी संस्था लिमिटेड, वीरगंजको १४औँ वार्षिक साधारण सभा शुक्रबार सम्पन्न भएको छ । वीरगंजस्थित नगर सभा गृहमा आयोजित साधारण सभाको उद्घाटन संस्थाका अध्यक्ष प्रेम पुडामणी बज्राचार्यले गरेका थिए । अध्यक्ष बज्राचार्यको तर्फबाट प्रगति प्रतिवेदन प्रस्तुत गर्दै प्रमुख कार्यकारी अधिकृत चन्देश्वर प्रसाद चौरसियाले आर्थिक वर्ष २०८१÷०८२ को अन्त्यसम्म संस्थाको कुल कारोबार ८८ करोड ८२ लाख २७ हजार १ सय ९८ रुपैयाँ पुगेको जानकारी दिए ।
उनका अनुसार सोही अवधिमा संस्थाको शेयर पूँजी ३ करोड ३१ लाख ६५ हजार ८ सय रुपैयाँ रहेको छ भने कुल बचत निक्षेप ७२ करोड ६३ लाख ५ हजार ५ सय १३ रुपैयाँ संकलन गर्न संस्था सफल भएको छ । त्यस्तै, जगेडा तथा विभिन्न कोषमा ४ करोड ७२ लाख ८९ हजार ४ सय ७६ रुपैयाँ पुगेको, ऋण लगानी ६० करोड ५८ लाख ६६ हजार ५ सय ६९ रुपैयाँ ९५ पैसा रहेको र आयकर व्यवस्था अघि संस्थाको नाफा १ करोड ३१ लाख १३ हजार ५ सय ७४ रुपैयाँ पुगेको प्रमुख कार्यकारी अधिकृत चौरसियाले बताए । संस्थाको स्थिर सम्पत्ति ४ करोड ५९ लाख ४६ हजार ९ सय ५० रुपैयाँ रहेको उल्लेख गर्दै उनले आदर्शनगरस्थित भाजुरत्न चौक नजिक १५.५ धुर जग्गा कार्यालय प्रयोजनका लागि खरिद गरिएको र सो स्थानमा भवन निर्माण गर्ने योजना रहेको जानकारी दिए ।
प्रविधिमैत्री सेवातर्फ संस्थाले क्यासलेस, चेकलेस र पेपरलेस सेवा विस्तारलाई प्राथमिकता दिएको बताउँदै चौरसियाले हालसम्म २५० जनाले एटिएम सेवा, १ हजार २४२ जनाले मोबाइल बैंकिङ, ४४३ जनाले एसएमएस सेवा र ४९० जनाले क्यूआर कोड सेवा प्रयोग गरिरहेको जानकारी दिए । साथै संस्थाको वेबसाइट, फेसबुक, युट्युब, टिकटक र इन्स्टाग्राममार्फत सदस्य सेवा तथा सूचनाको प्रचार–प्रसारलाई प्रभावकारी बनाइएको उनले बताए ।
साधारण सभामा आर्थिक वर्ष २०८१/०८२ मा उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारी शान्ता श्रेष्ठ, तेतरी देवी राना मगर, हिरालाल चौरसिया, शुष्मा महर्जन, मामता भोलन, शोभा कुमारी र शारदा मानन्धरलाई प्रशंसा पत्रसहित सम्मान गरिएको थियो । त्यसैगरी उत्कृष्ट सदस्यतर्फ शोभा कुमारी, मधु चौधरी, शरधा मानन्धर, शान्ता श्रेष्ठ, उत्कृष्ट नियमित मासिक बचत सदस्य आयुष रौनियार, उत्कृष्ट बाल बचत सदस्य सिद्धि गुप्ता, उत्कृष्ट नियमित बचत सदस्य पुनम कुमारी र रविभूषण प्रसाद चौरसिया, उत्कृष्ट नारी बचत सदस्य अनिषा श्रेष्ठ, प्रविधितर्फ उत्कृष्ट सदस्य विरेन्द्र कुमार कलवार तथा ऋणतर्फ उर्मिला देवी, प्रेमकुमारी पौडेल गोरखाली र सजरा प्रविणलाई सम्मान गरिएको थियो ।
अध्यक्ष प्रेम पुडामणी बज्राचार्यको अध्यक्षतामा सम्पन्न कार्यक्रममा उपाध्यक्ष मनोज प्रसाद, सचिव निर्मला देवी, कोषाध्यक्ष ओमप्रकाश प्रसाद कलवार, सञ्चालक सदस्यहरू अमित अग्रवाल, योगेश्वर प्रसाद चौरसिया, ज्योति कुमारी दारुका, सतोष जैन, सल्लाहकार डा. सुरेन्द्र चौरसिया, पुनिता देवी, बन्दना देवी, लेखा समिति संयोजक राजु पौडेल, सदस्यहरू विरेन्द्र प्रसाद गुप्ता, विजेन्द्र चौधरी, निर्वाचन समिति अधिकृत अधिवक्ता रामनारायण कुर्मी, जिष्णु बाराल, संजय महतो लगायतको उपस्थिति रहेको थियो । कार्यक्रमको सञ्चालन सञ्चारकर्मी उज्वल घिमिरेले गरेका थिए ।

# विरामीहरुलाई न्यानो कम्बल

**मधेशदृष्टि**
**वीरगंज ।**
चिसो मौसमका कारण अस्पतालमा उपचारार्थ बिरामीहरूलाई राहत पु¥याउने उद्देश्यले लायन्स क्लब वीरगंजले नारायणी अस्पतालमा न्यानो कम्बल वितरण गरेको छ । लायन्स क्लब वीरगंजको आयोजनामा सम्पन्न कार्यक्रममा नारायणी अस्पतालमा उपचारार्थ १६० जना बिरामीलाई कम्बल वितरण गरिएको हो ।
कम्बल वितरण कार्यक्रम क्लबका अध्यक्ष सुरेश कुमार रुङ्गटाको अध्यक्षतामा सम्पन्न भएको थियो । कार्यक्रममा क्लबका पदाधिकारीहरू प्रकाश बाहेती, अशोक गुप्ता, प्रदिप डालमिया लगायतको उपस्थिति रहेको थियो । कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष रुङ्गटाले चिसो मौसममा उपचाररत बिरामीहरूलाई सहजता प्रदान गर्नुका साथै सामाजिक उत्तरदायित्व वहन गर्ने उद्देश्यले यो कार्यक्रम आयोजना गरिएको बताए ।
लायन्स क्लब वीरगंजले यसअघि पनि विभिन्न सामाजिक तथा मानवीय सेवामूलक कार्यक्रमहरू गर्दै आएको छ ।

# जिउँदो शहिद पटेललाई सामाग्री सहयोग

**मधेशदृष्टि**
**वीरगंज ।**
सशस्त्र प्रहरी बल १३ नम्बर गण पर्साको टोलीले मधेश आन्दोलनका जिउँदो सहिद मन्सी पटेलको घरमा आवश्यक सामग्री सहयोग र जडान गरेको छ ।
बीरगंज वडा नम्बर २८ बगही स्थित पटेलको घरमा पुगेर पंखा, पानी तान्ने मोटर लगायत आवश्यक सामाग्रीहरु जडान गरी सशस्त्रको प्राविधिक टोलीले वाईरिङ्ग समेत गरि दिएको छ ।
जनता अवास कार्यक्रम अन्तरगत पटेलको दुई कोठे घर निर्माण भएको थियो । सामाजिक उत्तरदायित्वको कार्यलाई जिवन्त राख्न यस्तो कार्य गरिएको सशस्त्र प्रहरी उपरिक्षक पुरन भट्टले जानकारी दिए । मन्सी पटेल शारीरिक रुपमा अस्वस्थ्य रही जीवनयापन गर्दै आएका छन । उनले विभिन्न तहलाई सहयोगका लागि याचना समेत गरेका छन ।




# वृद्धवृद्धा आश्रमलाई न्यानो कपडा

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज स्थित उपकार सेवा नेपालले ठोरी गाउँपालिका वार्ड न.१ भगवाननगर स्थित वृद्ध –वृद्धा आश्रमलाई न्यानो कपडा र कम्बल प्रदान गरेको छ । आश्रममा आश्रीत अपाङ्ग, सुस्त मन्सथिति, वृद्ध बृद्धा, तथा बालबालिकाहरुका लागी २७ थान न्यानो कपडा र कम्बल प्रदान गरिएको हो ।
उपकार सेवा नेपालका अध्यक्ष विद्या कुमारी सरावगीले शुक्रबार विहान वीरगंजमा आयोजित कार्यक्रममा आश्रमका सदस्य राम बहादुर थिङ लाई कपडा हस्तान्तरण गरेको सामाजिक अभियन्त प्रकाश थारुले जानकारी दिए । ठोरी स्थित बृद्धबृद्धा आश्रमलाई मानव कल्याणकारी सामाजिक संस्था उपकार सेवा नेपालले प्रत्येक महिना खाद्यान्न सामाग्री लगायतका अति आवश्यक सामानहरु सहयोग गर्दै आएको छ ।

# शिक्षक मैत्रीपूर्ण फुटबलमा ठोरीको शानदार जीत



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको जीराभवानी गाउँपालिका र ठोरी गाउँपालिकाका शिक्षकहरूबीच आयोजित मैत्रीपूर्ण फुटबल प्रतियोगितामा ठोरी गाउँपालिकाको टोली विजयी भएको छ । शुक्रबार ठोरी गाउँपालिका–४ स्थित विजयवस्ती खेल मैदानमा सम्पन्न खेलमा ठोरीले जीराभवानीलाई ३–१ गोलअन्तरले पराजित गर्दै जीत दर्ता ग¥यो ।
प्रतियोगितामा विजयी ठोरी गाउँपालिकाले नगद २० हजार रुपैयाँ पुरस्कार प्राप्त गरेको छ । उक्त पुरस्कार रकम जीराभवानी गाउँपालिकाका नेपाल शिक्षक महासंघ अध्यक्ष कृपासिन्धु प्रसाद चौधरीले विजेता टोलीलाई हस्तान्तरण गरेका थिए । पुरस्कार वितरण कार्यक्रममा ठोरी गाउँपालिकाका शिक्षा प्रमुख भूपाल कुमार जोशी, नेपाल शिक्षक महासंघ ठोरीका अध्यक्ष अमृत श्रेष्ठ लगायत शिक्षक तथा सरोकारवालाहरूको उल्लेखनीय उपस्थिति रहेको थियो ।
मैत्रीपूर्ण प्रतियोगिताले शिक्षकहरूबीच आपसी सद्भाव, सहकार्यको भावना मजबुत बनाउनुका साथै स्वास्थ्यप्रति सचेतना अभिवृद्धि गर्न सहयोग पुगेको सहभागीहरूले बताएका छन् ।

# निःशुल्क आँखा शिविर

**मधेशदृष्टि**
**वीरगंज ।**
२५ औँ सशस्त्र प्रहरी दिवस २०८२ को अवसरमा पर्सा जिल्लाको छिपहरमाई गाउँपालिका–२, भेडीहर्वा स्थित रामाज्ञा साह प्राथमिक विद्यालयको प्राङ्गणमा निःशुल्क आँखा शिविर आयोजना गरिएको छ ।
शिविर स.प्र.वल नेपाल नं.१३ गण हे.क्वा.पर्साको आयोजनामा तिलगंगा आँखा प्रतिष्ठान काठमाण्डौ, वीरगंज सामुदायिक आँखा हस्पिटल र लक्ष्मी सनराइज बैंक वीरगंजको सहकार्यमा सम्पन्न भएको हो ।
कार्यक्रमको प्रमुख अतिथि गणपति सप्रउ पुरन चन्द्र भट्ट, साथै सीमा सुरक्षा गुल्म हे.क्वा.का गुल्मपति, छिपहरमाई गाउँपालिका वडा अध्यक्षहरू र अन्य सरोकारवालाको उपस्थितिमा सञ्चालन भएको थियो । शिविरबाट १७२ जना स्थानीय बासिन्दा लाभान्वित भएका छन्, जसमा ९१ महिला र ८१ पुरुष रहेको सशस्त्र प्रहरी बल पर्साले जनाएको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन